# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शाब्दिक अर्थमा सुपरिवेक्षण शब्द अंग्रजी भाषाको Supervsion शब्दको नेपाली रुपान्तर हो, जसको अर्थ Superior Vision "दिब्य दृष्टि" हुन्छ । शाब्दिक अर्थको विचार गर्ने हो भने सुपरिवेक्षकले आफ्नो दिब्य दृष्टिले समस्याको अवलोकन गर्ने, गहिरिएर हेर्ने र अध्ययन गर्ने गर्दछ, र त्यसलाई समाधान गर्ने प्रयास गर्दछ (काफ्ले र अन्य, २०६७) । यसरी हेर्दा सुपरिवेक्षकले सुक्ष्मरुपले समस्यको अध्ययन गरी समस्याको समाधान गर्ने कार्य नै सुपरिवेक्षण हो ।

विद्यालय सुपरिवेक्षण भन्नाले शैक्षिक उद्देश्य प्राप्तिका लागि कक्षाकोठामा गरिने अध्ययन अध्यापन क्रियाकलाप र शैक्षिक कार्यक्रममा प्रभावकारिता ल्याउन विद्यालयको शैक्षिक, प्रशासनिक, आर्थिक, भौतिक तथा मानवीय साधनको यथार्थ अध्ययन गरी आवश्यकताअनुसार तिनीहरूको सुधार तथा विकास गर्न दिइने निर्देशन, सल्लाह, सुझाव तथा त्यस सम्बन्धी अन्य क्रियाकलापलाई जनाउँछ (कोइराला र अन्य, २०६४) । विद्यालय सुपरिवेक्षण अन्तर्गत विद्यालयको शिक्षण सिकाइ क्रियाकलापमा प्रभावकारिता ल्याउन गरिने प्रशासनिक निरीक्षण र शैक्षिक सुपरिवेक्षण दुवै कार्य पर्दछन् । निरीक्षणले कुनै कार्य ठीकसँग भए-नभएको, निर्धारित ऐन-नियमअनुसार काम भए-नभएको जाँचबुझ मात्र गर्दछ भने सुपरिवेक्षणले आवश्यक सल्लाह, सुझाव तथा निर्देशन समेत प्रदान गर्दछ । सामान्यतया निरीक्षण प्रशासनिक र व्यवस्थापन पक्षसँग बढी सम्बन्धित हुन्छ भने सुपरिवेक्षण शिक्षण सिकाइसँग बढी सम्बन्धित हुन्छ । सुपरिवेक्षण एउटा प्राविधिक कार्य हो ।

विद्यालयमा सुपरिवेक्षणको बर्तमान अवस्थालाई बुझ्न यसको विकास क्रमको बारमा अध्ययन गर्न आवश्यक हुन्छ । सुपरिवेक्षणको विकासक्रमलाई अन्तर्राष्ट्रिय तहमा चार खण्डमा विभाजन गरिएको पाइन्छ । सन् १६४२ देखि १८७५ सम्मको अवधिलाई प्रशासनिक निरीक्षणकाल मानिन्छ । यो समयमा सुपरिवेक्षण कार्यलाई कक्षा सुपरिवेक्षण र अवलोकनभन्दा पनि प्रशासनिक पक्षको जाँच गर्नमा केन्द्रित गरिन्थ्यो । शैक्षिक सुपरिवेक्षणको विकासक्रममा सन् १८७६ देखि १९३६ सम्मको अवधिलाई दक्षता अभिमुखीकरणकालको रुपमा लिइन्छ । यस अवधिमा शिक्षकलाई शिक्षण सिकाइमा दक्ष बनाउन सुपरिवेक्षकलाई अधिकार दिइन्थ्यो । यस

निरीक्षणकालको मुख्य धारणा भनेको शिक्षण सिकाइमा उत्तम विधिहरूप्रतिपादन गरिनु पर्छ र ती विधिहरूप्रयोग गरी शिक्षण भयो भएन भन्ने खोजी गर्नु रहेको थियो । यसैगरी शैक्षिक सुपरिवेक्षणको विकासक्रमको तेस्रो काल सन् १९३७ देखि १९५९-सम्मको अवधिलाई सामूहिक सहयोगात्मक सुपरिवेक्षणकाल मानिन्छ । सुपरिवेक्षण कार्यमा शैक्षिक प्रशासक, निरीक्षक, शिक्षक सबै मिलेर शिक्षाको गुणात्मक विकासमा सहभागी हुनुपर्छ भन्ने धारणको विकास यसै कालमा आएर भएको हो । यसै समयमा साधारण सुपरिवेक्षक र विशेष विषयगत सुपरिवेक्षकको समेत व्यवस्था गरियो (काफ्ले र अन्य, २०६७) ।

सन् १९६० देखि हालसम्मको अवधिलाई शैक्षिक सुपरिवेक्षणको विकासक्रममा अनुसन्धान अभिमुखीकरणकाल भनिन्छ । विज्ञान र प्रविधिको क्षेत्रमा आएको व्यापक परिवर्तन तथा ज्ञानको विष्फोटनले गर्दा हरेक क्षेत्रमा अध्ययन, अनुसन्धान, खोज, शोध, अन्वेषणबाट अगाडि बढ्नुपर्ने आवश्यकता सृजना भयो । फलस्वरुप शिक्षण सिकाइ प्रक्रियामा पनि पाठयक्रम, पाठ्यपुस्तक, शिक्षण विधि आदिमा नयाँ मान्यता र पद्दतिको खोजी गर्नुपर्ने भयो । अब परम्परागत रुपले जाँचबुझ गर्नु, हेर्नु, मूल्याङ्कन गर्नु, स्तर निर्धारण गर्नु मात्र सुपरिवेक्षण रहेन । सुपरिवेक्षणमा समग्र शैक्षिक प्रक्रिया वा गतिविधिको जाँचबुझ गरी कमीकमजोरी तथा समस्या पत्ता लगाई त्यसमा सुधार गर्नका लागि आवश्यक अनुसन्धान गर्ने कार्यको थालनी यसै कालबाट भयो ( कोइराला र अन्य, २०६४) ।

नेपालमा विद्यालय सुपरिवेक्षणको इतिहास त्यति लामो पाइँदैन । वि.सं.१९९६ मा शिक्षासम्बन्धी पहिलो इस्तिहार घोषणा भएबाट विद्यालय स्थापना, निरीक्षण, पाठयक्रम, शिक्षामा जनसहभागिता, सञ्चालक समिति आदि विषयहरूव्यवस्थित गर्न आधारहरूतयार भए । यसै इस्तिहारबाट वि.सं.१९९८ मा विद्यालयको भौतिक अवस्था, शिक्षकको योग्यता र पठनपाठनको स्तर निर्धारण गर्न इन्स्पेक्टर अफ स्कूल अफिसको स्थापना भयो । हुन त वि.सं. १९१० मा दरबार स्कूलको स्थापना भए पछि सो विद्यालयको प्रधानाध्यापकको रुपमा मिस्टर क्यानिङ्ग र सुपरिवेक्षकको रुपमा मिस्टर रोसलाई जिम्मेवारी दिएर विद्यालय सुपरिवेक्षण गर्नुपर्छ भन्ने धारणाको विकास नेपाल भित्रिएको पाइन्छ (पौडेल र अन्य,२०६२) ।

वि.सं. २००७ को राजनीतिक परिवर्तन पछि विद्यालयहरूलाई प्रजातान्त्रिक रुपले चलाउने सुझाव प्रस्तुत गर्न गठित नेपाल राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०११ ले निरीक्षण र व्यवस्थापनलाई गाँउक्षेत्र शहरीक्षेत्रको एउटा ब्लक, गौंडा, गोश्वारा, प्रान्तदेखि

शिक्षामन्त्रालयसम्मको साङ्गठानिक ढाँचा प्रस्तुत गऱ्यो । सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ ले चौध अञ्चलमा अञ्चल शिक्षा अधिकारी र जिल्लामा जिल्ला शिक्षा निरीक्षकको व्यवस्था गरेअनुरुप यी पदका व्यक्तिले विद्यालय निरीक्षण गर्ने, निर्देशन दिने, तथ्याङ्क गर्ने, विद्यालय व्यवस्थापन र परीक्षा तथा मूल्याङ्कन सम्बन्धी कार्य गर्दथे । यसबेलाको निरीक्षण पद्दतिलाई परम्परागत निरीक्षण भन्न सकिन्छ किनकी यसबेलाको निरीक्षण पद्दतिले शिक्षालाई पेशागत रुपले सहयोग र सल्लाह गर्नुभन्दा पनि शिक्षक नियुक्ति, खारेजी, कार्यको मूल्याङ्कन जस्ता प्रशासनिक पक्षमा बढी केन्द्रित रहन्थे (काफ्ले र अन्य, २०५९) ।

राष्ट्रिय शिक्षा पद्धति योजना (२०२८-३२)-ले सर्वप्रथम सुपरिवेक्षण पद्दतिलाई वैज्ञानिक रुप दिन निरीक्षणको सट्टा सुपरिवेक्षणको अवधारणा ल्यायो । देशका सबै जिल्लामा प्रशासन सेवा अर्न्तगतका जिल्ला शिक्षा अधिकारीको व्यवस्था गरी विद्यालय सङ्ख्याको आधारमा प्राथमिक विद्यालय निरीक्षक, निम्नमाध्यमिक विद्यालय निरीक्षक र माध्यमिक विद्यालय निरीक्षकको व्यवस्था गरी काम, कतर्व्य र अधिकार समेत तोक्यो । क्षेत्रीय स्तरमा शिक्षा निर्देशनालयमा रहने गरी निरीक्षकहरूलाई विषय विशेषज्ञको रुपमा राख्ने व्यवस्था गरियो (कोइराला, २०५९) । वि.सं. २०३७-३८ मा पाठ्यक्रम पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्र अर्न्तगत रहने एउटा निरीक्षण एकाइ परियोजना बनाइएको थियो । जसले विद्यालयको शैक्षिक कार्यक्रममा गुणात्मक स्तर वृद्धि गर्ने र निरीक्षण व्यवस्थामा सुधार गर्ने उद्देश्यले विद्यालयहरूलाई स्थानीय स्तरबाट आफूभन्दा तलका विद्यालयको निरीक्षण गर्न अभिप्रेरित गराउने कार्यक्रमको थालनी भएको थियो तर त्यो सफल हुन सकेन (काफ्ले, २०५९) ।

नेपालमा विद्यालयको शैक्षिक सुपरिवेक्षण कार्यलाई अझ प्रभावकारी र व्यवहारिक बनाउन स्रोतकेन्द्रको अवधारणा सन १९८१ को सेती परियोजनाबाट आएको हो । सेती अञ्चलमा युनेस्को र युएनडिपीको सहयोगमा सञ्चालित ग्रामीण विकासका निम्ति शिक्षा परियोजनाले स्रोतकेन्द्र र समूह विद्यालयमार्फत विद्यालय निरीक्षण र सुपरिवेक्षण गर्ने पद्दतिको थालनी गऱ्यो । यस परियोजनाले पायक पर्ने र समूहकृत गर्न मिल्ने विद्यालयको गुच्छालाई एउटा समूहमा आबद्ध गरी विद्यालय समूह पद्दति अपनायो । यसैलाई स्रोतकेन्द्र भनियो । यस स्रोतकेन्द्रबाट समूहमा परेका विद्यालयको प्रशासन र अन्य शैक्षिक गतिविधि सञ्चालन गरियो । एउटा विद्यालयमा ६-१० वटा विद्यालय पर्दथे । यस्ता विद्यालयलाई स्याटेलाइट स्कूल भनिन्थ्यो । स्रोतकेन्द्रको प्र.अ. ले स्रोतव्यक्तिको काम गर्दथे (अधिकारी, २०६६) ।

सेती परियोजनाबाट प्राप्त सकारात्मक अनुभवलाई समेटेर प्राथामिक शिक्षा परियोजना (२०४२) ले स्रोतकेन्द्रको अवधारणालाई निरन्तरता दियो । त्यस पछिको आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (२०४९) ले पनि विद्यालय निरीक्षणको आधारभूत एकाइको रुपमा स्रोतकेन्द्रलाई नै निरन्तरता दियो । वि.सं. २०५६ देखि लागू भएको आधारभूत तथा प्राथमिक शिक्षा परियोजना दोस्रोले २०-२५ वटा विद्यालयको समूहलाई समूह विद्यालयको रुपमा लिँदै सम्भव भएसम्म ती विद्यालयको बीचमा पर्ने स्रोत साधन सम्पन्न विद्यालयलाई स्रोतकेन्द्रको रुपमा काम गर्ने व्यवस्था मिलाइएको छ । स्रोतकेन्द्रमा एक जना स्रोतव्यक्ति रहने व्यवस्था छ । स्रोतकेन्द्रमा आधारित विद्यालय सुपरिवेक्षण प्रणाली नेपालमा हाल देशभरिका १३३१ स्रोतकेन्द्रबाट सञ्चालित छ (पौडेल र अन्य, २०६२) ।

स्रोतकेन्द्र विद्यालयबाट समूह विद्यालयका शैक्षिक क्रियाकलाप प्रभावकारी बनाउन, समूह विद्यालयबीच प्रभावकारी सञ्चार कायम गरी विद्यालय सुपरिवेक्षण गर्न स्रोतकेन्द्रको भूमिका महत्वपूर्ण रहेको छ । यसरी स्रोतकेन्द्र भनेको एउटा नमुना विद्यालय हो । जसले आफ्ना निश्चित परिधि भित्र रहेका विद्यालयहरूलाई विभिन्न रुपले सेवा प्रदान गर्दछ । स्रोतकेन्द्रले समूह विद्यालयका शिक्षकहरूलाई विभिन्न गोष्ठी, सेमिनार, छलफल, छोटो अवधिको तालिम दिई उनीहरूको क्षमता अभिवृद्धि गर्न, समूह विद्यालयमा पठनपाठन कार्यलाई प्रभावकारी बनाउन विद्यालय व्यवस्थापन, मूल्याङ्कन र निरीक्षण पद्दतिमा समसामयिक सुधार ल्याउन र स्रोत परिचालन गर्न पनि महत्वपूर्ण सहयोग गर्दछ (अधिकारी, २०६६) ।

यिनै तथ्यगत कुराहरूलाई अध्ययन गर्दा विद्यालयमा शैक्षणिक सुपरिवेक्षणलाई शैक्षिक सुधारको अभिन्न अङ्ग मानेर प्रभावकारी वनाउन विभिन्न प्रयासहरू भएका देखिन्छन् । राज्यले यस कार्यलाई ठूलो धन राशि खर्च गरेको पनि पाइन्छ । यसका सम्बन्धमा केहि अनुसन्धनहरू पनि नभएका होइनन् तर पनि शैक्षणिक सुपरिवेक्षणले व्यवहारीक रूप हासिल गर्न नसकि रहेको अवस्थामा परिवार्तित समय र परिवेशलाई कार्य क्षेत्र बनाएर विद्यालयमा शैक्षणिक सुपरिवेक्षणको स्थिति पत्तालगाई समस्याहरूको पहिचान गरेर सम्बन्धित पक्ष वा निकायलाई उपायहरू सुझाउने उद्देश्यले सामुदायिक विद्यालयमा शैक्षणिक सुपरिवेक्षण शीर्षकमा यो अनुसन्धान गरिएको हो ।

## १.२ समस्याको कथन

राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-२०३२) लागु भए पश्चात शिक्षकको पेशागत दक्षता वृद्धि गरी शैक्षिक गुणस्तर वृद्धि गर्न सुपरिवेक्षण सम्बन्धी धेरै प्रयासहरूभए पनि अपेक्षित उपलब्धिहरू हाँसील हुन नसकेको, नेपालको शैक्षिक सुपरिवेक्षण व्यवस्था सैद्धान्तिक रुपमा जति आदर्श देखिन्छ कार्यगत रुपमा सो अनुसार प्रयोग हुन नसकेको, नेपालको कमजोर आर्थिक अवस्थाले शिक्षकलाई शिक्षणका आधुनिक ज्ञान, सीप र प्रविधिको विषयमा तालिम दिन तथा अनुसन्धानात्मक क्रियाकलापहरूमा सामेल गराउन नसकेको जस्ता गुनासाहरू सुन्न पाईन्छ । UNESCO ले वि.सं. २०३७ सालमा गरेको अध्ययनमा निरिक्षकमा आवश्यक योग्यता, तालिम र अनुभवको कमी रहेको, पदोन्नतिको अवसर नरहेको, अधिकारीबाट उचित सहयोग नपाएको, काममा प्रभावोत्पादक नभएको, निजामती निरीक्षकहरूमा अनुभव, परिपक्कता र दक्षता नभएको र अनुभवी शिक्षकहरूलाई निरीक्षकमा नियुक्ति गर्ने प्रावधान नरहेको जस्ता समस्याहरू औल्याएको छ (निरौला, २०७२) ।

शैक्षणिक सुपरिवेक्षण भन्नाले कक्षा अवलोकन गरी शिक्षकको शिक्षणमा के कस्ता समस्याहरू कहाँ के कसरी भयो पत्ता लगाई त्यसलाई समधान गर्नका निम्ति सुझाव प्रदान गर्नु हो । सुपरिवेक्षकले सल्लाहकारका रुपमा योजनाकारका रुपमा, सहयोगीका रुपमा, पथप्रदर्शकका रुपमा, उपचारकका रूपमा रहेर कार्य गर्नु पर्छ । उपर्युक्त शैक्षणिक सुपरीवेक्षणका रूपहरू, सिद्धान्तहरू अनुसार नेपालमा सुपरिवेक्षण हुन नसकेको देखिन्छ । गुणस्तरीय शिक्षाका लागि राज्यले शिक्षामा ठुलो आर्थिक लगानी गरेको छ । विगत (४-५) वर्षको सरकारी खर्च अध्ययन गर्दा शिक्षा क्षेत्रमा राष्ट्रिय बजेटको (१५-१७) प्रतिशत सम्म लगानी गरेको देखिन्छ । राम्रो शैक्षिक प्रतिफल प्राप्त गर्न राज्यले शिक्षामा यति ठूलो लगानी गरे ता पनि आशादीत प्रतिफल प्राप्त हुन सकिरहेको छैन । शैक्षिक क्षेत्रमा कार्यरत व्यक्तिहरूले पेशागत कर्तव्यलाई राम्ररी पालना नगरी रहेको अवस्था छ ।

विद्यालयमा शैक्षणिक सुपरिवेक्षण न्यून हुनु, सुपरिवेक्षण भए पनि शैक्षणिक पक्षमा ध्यान नपुग्नु जस्ता कारणले वर्तमान शैक्षिक सुपरिवेक्षण प्रणाली आलोचनाको विषय बनेको छ । यो व्यवहारिक र उदेश्य मुलक बन्न सकेको छैन । विद्यालयमा हुने गरेको न्यून तथा प्रक्रिया मुखी सुपरिवेक्षणले शिक्षकमा जिम्मेवारी बोधमा कमी आई कक्षा कोठामा हुने शिक्षण सिकाइ क्रियाकलापमा समेत असर पुगेको छ । अप्रभावकारी शैक्षणिक सुपरिवेक्षणले शिक्षण सिकाइ

क्रियाकलाप समय सापेक्ष बन्न नसकेका कारण शैक्षिक उपलब्धिमा ह्रास आएको छ । यसैले विद्यालयको शैक्षणिक सुपरिवेक्षणको वर्तमान स्थिती पत्ता लगाइ यसमा देखीएका समस्याहरू पहिचान गरेर सम्बन्धित पक्षलाई सुझाव सुझाउने उद्देश्यले यो अध्ययन गर्न सान्दर्भिक ठानी अध्ययन गरिएको हो ।

## १.३ अध्ययनको औचित्य

शिक्षा मानव संसाधन विकासको आधार हो । देशको आर्थिक तथा सामाजिक विकासको पूर्वाधार हो । सुचना र सञ्चारको विकासले गर्दा विश्व आज एउटै सानो देशको रुपमा परिणत हुन पुगेको छ । यसलाई विज्ञान तथा प्रविधि एवं शिक्षाको प्रतिफलको रूपमा मान्नु पर्ने हुन्छ । आज विश्वका विभिन्न मुलुकहरूको अध्ययन गर्ने हो भने दक्ष मानव संसाधन भएका मुलुकहरू नै विकासको अग्र पंक्तिमा देखिन्छन् । दक्ष मानव संसाधन नहुने मुलुकहरू अविकसित मुलुकको पंक्तिमा रहेका छन् । विज्ञान र प्रविधिको विकास अनुरूप समय सुहाउँदो मानव संसाधन नेपालमा पनि उत्पादन हुन सकिरहेको छैन । गुणस्तरीय शिक्षा बिना मानव संसाधन उत्पादन सम्भव छैन । गुणस्तरीय शिक्षाका लागि शिक्षकको योग्यता, दक्षता र प्रतिवद्धतामा सुधार गर्नु पर्ने हुन्छ । यसका लागि विद्यालयहरूमा हुने सम्पूर्ण शैक्षिक गति विधिहरूलाई साकार पारी शिक्षाको उद्देश्य पुरा गर्न विद्यालयका सम्पूर्ण क्रियाकलापहरूलाई सही मार्गमा डोऱ्याउनका लागि विद्यालयमा सुपरिवेक्षणको आवश्यकता हुन्छ ।

विद्यालय सुपरिवेक्षण सम्पूर्ण शिक्षा प्रणालीको मेरुदण्ड भएको हुँदा यसको प्रयोग कसरी भई रहेको छ ? यसमा के कस्ता सुधारहरू हुन आवश्यक छ ? परिवर्तीत धारणा अनुरूप सुपरिवेक्षणको भावी स्वरूप कस्तो हुनु पर्छ ? नयाँ-नयाँ शैक्षिक प्रविधिको विकास भइरहेको वर्तमान सन्दर्भमा सुपरिवेक्षण प्रणालीलाई कसरी बढी भन्दा बढी व्यवहारिक बनाउन सकिन्छ ? भन्ने जस्ता सवालहरूमा अध्ययन अनुसन्धान गरी सुझावहरू दिन यो अध्ययन उपयोगी हुनेछ । यस अनुसन्धानले विद्यालय सुपरिवक्षकलाई सुपरिवेक्षण गर्न, प्रधानाध्यापकलाई विद्यालय सञ्चालनका विविध पक्षहरूमा व्यवस्थापन एवं सुपरिवेक्षण गर्न, विद्यालयसँग सरोकार राख्ने सम्पूर्ण सरोकारवालाहरूलाई जिम्मेवारी बोध गराउन, शैक्षिक तथा शैक्षणिक सुपरिवेक्षणको क्षेत्रमा देखापरेका समस्याहरू पहिचान गरी सम्वन्धित पक्षलाई सुधारका लागि सुझावहरू प्रदान गर्न, सुपरिवेक्षण सम्वन्धी नीति निर्माण गर्ने नीति निर्माताहरूलाई आधार प्रदान गर्न, विद्यालय प्रति सकारात्मक धारणाको विकास गर्न र रचनात्मक कार्य गर्न सहयोग प्रदान गर्ने छ ।

विद्यालयको शैक्षणिक सुपरिवेक्षणको स्थिति पत्ता लगाई, सुपरिवेक्षणमा देखिएका समस्याहरूको पहिचान गरेर सुझाव सुझाउने उद्देश्यले सामुदायिक विद्यालयमा शैक्षणिक सुपरिवेक्षण शीर्षक राखेर गरिने यो अनुसन्धानले भविष्यमा यस्तै विषय वा मिल्दो जुल्दो विषयमा अनुसन्धान गर्न चाहने जो कोही व्यक्तिहरूलाई समेत उपयोगी हुने हुँदा यस शीर्षकमा गरिने अध्ययन औचित्यपूर्ण हुनेछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्न अनुसार रहेका छन् :

१) विद्यालयमा शैक्षणिक सुपरिवेक्षणको वर्तमान स्थिति पत्ता लगाउनु ।

२) शैक्षणिक सुपरिवेक्षणमा देखा परेका समस्याहरू खोजि गर्नु ।

३) शैक्षणिक सुपरिवेक्षणलाई प्रभावकारी बनाउने उपायहरू सुझाउनु, ।

## १.५ अनुसन्धानात्मक प्रश्न

अनुसन्धानको लागि तय गरिएका उद्देश्यहरू पुरागर्न निम्न अनुसारका अनुसन्धानात्मक प्रश्नहरूमा यो अध्ययन अनुसन्धान केन्द्रीत गरिएको छ ।

१) विद्यालयको शैक्षणिक सुपरिवेक्षण गर्ने मुख्य दायित्व कस कसमा छ ?

२) विद्यालयमा कस कसबाट शैक्षणिक सुपरिवेक्षण हुने गरेको छ ?

३) विद्यालयमा शैक्षणिक सुपरिवेक्षण कसरी हुने गरेको छ ?

४) विद्यालयको शैक्षणिक सुपरिवेक्षण प्रणालिमा देखापरेका समस्याहरू केके छन् ?

५) शैक्षणिक सुपरिवेक्षण प्रणालिलाई प्रभावकारी बनाउन कस्ता कदमहरू चालिनु पर्छ ?

६) शैक्षणिक सुपरिवेक्षण प्रणालिलाई प्रभावकारी बनाउन कस्ले कस्तो रणनिती अपनाउनु पर्ला ?

## १.६ अध्ययनको परिसीमा

एउटा शोधकर्ताले समय, साधन, स्रोत तथा अन्य बाध्यताको कारण ठूलो जनसङ्ख्यालाई आधार लिएर अध्ययन गर्न सक्दैन । त्यसैले यस अध्ययनलाई विद्यालयमा शैक्षणिक सुपरिवेक्षणको

वर्तमान स्थिति पहिचान गरी देखिएका समस्या समाधानका लागि सुझाव दिनमा मात्र समित गरिएको छ । यो अध्ययन प्रश्नावली, अर्न्तर्वाता अभिलेख अध्ययन जस्ता साधनको प्रयोग गरी मोरङ जिल्लाको लेटाङ्ग स्रोत केन्द्र अन्तरगत लेटाङ्गभोगटेनि नगरपालिका भित्रका २० वटा सामुदायिक विद्यालयमध्ये ३ वाटा माध्यमिक तहका विद्यालय र ३ वटा आधारभुत तहका विद्यालयहरूमा मात्र समित गरिएको छ ।

यस अध्ययनका मुख्य उत्तरदाताहरूमा सम्बन्धित क्षेत्रका  विद्यालय निरिक्षक, स्रोतव्यक्ति, प्रधानाध्यपक, शिक्षक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू रहेका छन् । यस अध्ययनले निकालेको निष्कर्षलाई यो अध्ययन क्षेत्र तथा अध्ययन क्षेत्र संग मिल्दो जुल्दो परिवेश भएको क्षेत्रमा लागु गर्न सकिने छ ।

## १.७ प्रयोग भएका शब्दहरूको परिभाषा

**सामुदायिक विद्यालय** : यो शोधको प्रयोजनको निम्ति सामुदायिक विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित अनुदान पाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालयलाई बुझिनेछ ।

**स्रोतव्यक्ति** : स्रोतव्यक्ति भन्नाले स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरूको सुपरिवेक्षणका साथै आवश्यक सेवा प्रदान गर्न शिक्षा ऐन तथा नियमावलीको परिधिभित्र रही जि.शि.  का. ले सिफारिस गरेको माध्यमिक तहको शिक्षकलाई बुझिन्छ ।

**स्रोतकेन्द्र** : स्रोतकेन्द्र भन्नाले शिक्षा ऐन तथा नियमावलीको परिधिभित्र रही जि.शि.का. र समूह विद्यालयहरूको बीच पुलको काम गर्ने, सूचनाहरूको प्रवाह गर्ने, तालिमको व्यवस्थापन साथै अनुगमन गर्न निश्चित विद्यालयहरूका लागि एक स्रोतव्यक्ति सहितको केन्द्र भन्ने बुझिन्छ ।

**सरोकारवाला** : सरोकारवाला भन्नाले विद्यालयसँग संलग्न रहेका वा सरोकार राख्ने व्यक्ति, व्यक्ति समूह या समितिलाई बुझाउँछ ।

**शैक्षिक सुपरिवेक्षण :** विद्यालयको व्यवस्थापकिय पक्ष एवं शिक्षण सिकाई क्रियाकलापको प्रभावकारीतामा सुधार ल्याउन अध्ययन, अवलोकन र समस्याहरूको समाधान गर्नुलाई शैक्षिक सुपरिवेक्षण बुझ्काउँदछ ।

**शैक्षणिक सुपरिवेक्षण** /

**विद्यालय सुपरीवेक्षण** : शैक्षक उद्देश्य प्राप्तिका लागि कक्षाकोठामा हुने अध्ययन, अध्ययनपन क्रियाकलापमा बढि प्रभावकारीता ल्याउन विद्यालयको सम्पूर्ण शैक्षिक कार्यकलापको यथार्थ अध्ययन गरी त्यसको सुधार र विकासका लागि गरिने प्रयासलाई बुझ्काउँदछ ।

# परिच्छेद दुईः सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा

कुनै पनि विषयबस्तु वा समस्याको समाधानको लागि अध्ययन अनुसन्धान गरि अनुसन्धान कार्यलाई सार्थक निष्कर्षमा पुऱ्याउन कुनै न कुनै पूर्व स्थापित सिद्धान्तमा आधारीत भएर अध्ययन गर्दा त्यस विषय वा समस्या संग सम्बन्धित पूर्व साहित्यको अध्ययन गर्न अनिर्वाय हुन्छ। पूर्व सहित्यको अध्ययनले आफ्नो अनुसन्धानको उद्देश्य प्राप्तीका लागि आवश्यक पर्ने विधि र साधनको छनौट गर्न प्रस्तुतिकरण र विश्लेषण गर्न, निष्कर्ष र सुझावहरू प्रस्तुत गर्न सहयो ग पुऱ्याउदछ। यस शोध शिर्षकाको अध्ययनको लागि निम्नानुसार साहित्य स्रोत सामग्रीहरूको अध्ययन गरिएको छ।

## २.१ सैद्धान्तिक सहित्यको पुनरावलोकन

यस शोध अध्ययनबाट प्राप्त तथ्य तथ्याङ्कलाई विश्लेषण गर्न Henry Fayol (1916) (अधिकारी, २०६७) को व्यवस्थापनका तत्वहरूसम्बन्धी अवधारणा र Morris L. Cogan (1950) (काफ्ले र अन्य, २०६७) को उपचारात्मक सुपरिवेक्षण सम्बन्धी अवधारणालाई एकाकार गरिएको छ।

Fayol ले सन् १९१६ मा व्यवस्थापनका पाँच तत्वहरू (Five elements of management) प्रतिपादन गरे, जसलाई POCCC भनिन्छ। उनका अनुसार प्रशासकका व्यस्थापकीय कार्य अन्तर्गत योजना, संगठन, निर्देशन, समन्वय र नियन्त्रण पर्दछन्। फायोलका अनुसार प्रशासकले आफ्नो संगठनको उद्देश्य पूरा गर्न आवधिक योजना बनाउने, उक्त योजना कार्यान्वयन गराउने, संगठन गर्ने, आफ्ना क्षेत्रभित्रका व्यक्ति तथा निकायलाई आवश्यक निर्देशन दिने, सल्लाह सुझाव दिने, आफ्ना क्षेत्रभित्रका निकायबीच सञ्चार सम्बन्ध स्थापना गर्ने, सरोकारवालाहरूसँग समन्वय गर्ने र आवश्यकताअनुसार कार्यसम्पादन मूल्याङ्कन गरि नियन्त्रण गर्ने कार्य पर्दछन् (अधिकारी, २०६७)।

अमेरिकाको Harvard University को Master of Art in Teaching Programme (MAT) अन्तर्गत Cogan र उनका साथीहरूले (काफ्ले, २०५९) उपचारात्मक सुपरिवेक्षणको सुरुवात गरेका हुन। उपचारात्मक सुपरिवेक्षणमा विशेष गरी कक्षाकोठा शिक्षणको अवलोकन, कक्षाभित्र घट्ने घटनाको विश्लेषण तथा शिक्षक र विद्यार्थीका कक्षाकोठाभित्रका व्यवहारमा जोड दिइन्छ। यसमा शिक्षण सिकाइको क्रममा विद्यार्थी र शिक्षकले कक्षाकोठामा के के गर्छन्, कक्षमा हुन

सक्ने सम्भावित घटना के के हुन, विद्यार्थी र शिक्षकबीचको सम्बन्ध कस्तो छ आदि कुराको अध्ययन गरिन्छ । सुपरिवेक्षण प्रक्रियामा योजना, अवलोकन र विश्लेषणको क्रम निर्धारण गरिन्छ । शिक्षकका सिकाइ समस्या पहिचान र निराकरणमा जोड दिइन्छ । उपचारात्मक सुपरिवेक्षणले व्यवस्थित र वैज्ञानिक अवलोकन पद्दति अनुसरण गर्छ । शिक्षकमा उत्पन्न हुने समस्या समाधान गर्न, अनुपयोगी ब्यवहार त्याग्न, नयाँ-नयाँ चुनौतिको सामना गर्न र नवीन सिकाइ विधि अपनाउने कार्यमा सहयोग गर्छ । उपचारात्मक सुपरिवेक्षकलाई चाहिने सीप साधारण सुपरिवेक्षकका भन्दा बढी कठीन र जटिल हुन्छन् ।

Cogan (१९५०) का अनुसार शिक्षक र सुपरिवेक्षकबीच घनिष्ट सम्बन्धको स्थापना गर्नु उपचारात्मक सुपरिवेक्षणको पहिलो चरणको आधारभूत प्रक्रिया हो । यो शिक्षक कक्षामा जानुपूर्वको अवस्था हो । शिक्षक र सुपरिवेक्षक दुवैमा भयरहित वातावरण स्थापना हुन सकेमा शिक्षण सिकाइको क्रममा आउने समस्या निराकरण हुन सक्छ । शिक्षक र सुपरिवेक्षबीच धनिष्ट सम्बन्ध छैन भने शिक्षकले आफ्ना समस्याहरूसुपरिवेक्षकसामू खुलेर राख्न सक्दैन जसले गर्दा समस्या जहिले पनि समस्याकै रुपमा रहीरहन्छ ।

शिक्षक र सुपरिवेक्षकबीच सम्बन्ध स्थापना भई सकेपछि दोस्रो चरणमा शिक्षक र सुपरिवेक्षक सँगै बसेर पाठयोजना, एकाइ योजना, वार्षिक कार्ययोजना, कार्यलातिका निर्माण गर्नुपर्छ । योजना निर्माणको समयमा उद्देश्य निर्माण, अपेक्षित उपलब्धिहरू, शिक्षण सिकाइका सम्भावित समस्याहरू, शिक्षण सामग्री तथा रणनीतिहरू, सिकाइ प्रक्रिया, पृष्ठपोषण, मूल्याङ्कन तथा शैक्षिक वातावरण आदिलाई ध्यानमा राखी व्यवस्थित योजना तयार गरिन्छ । शिक्षण योजनाको निर्माणबाट कुनै पाठ पढाउन कति समय लाग्छ, शिक्षण सिकाइका उद्देश्य पूरा गराउन के कस्ता सामग्री कहिले र कसरी प्रयोग गर्ने, के के क्रियाकलाप गर्ने र मूल्याङ्कन कसरी गर्ने भन्ने थाहा हुन्छ । उपचारात्मक सुपरिवेक्षणको तेस्रो चरणमा शिक्षकको कक्षा शिक्षणको अवलोकन के कसरी गर्ने, कस्ता पक्षलाई जोड दिने जस्ता कुराको निर्धारण गरिन्छ । यसका लागि अवलोकन फारमको निर्माण, अवलोकनको बिषय, कक्षा, समय, स्थान आदि बिषयमा शिक्षक र सुपरिवेक्षकबीच सहमतिका आधारमा अवलोकन रणनीति तयार गरिन्छ । चौथो चरणमा सुपरिवेक्षकले पूर्व योजना अनुसार शिक्षकको वास्तविक कक्षा शिक्षणको अवलोकन गर्छन् । शिक्षण सिकाइका क्रममा कक्षाकोठामा भएका घटनाहरूसुपरिवेक्षक आफैं वा

अवलोकनकर्ताद्वारा टिपोट गरी अभिलेख राखिन्छ । अवलोकनको मुख्य उद्देश्य शिक्षकको शिक्षण सीपको विकास गर्नु हो ।

कक्षा शिक्षणको अवलोकन पश्चात अवलोकनका विषयवस्तु तथा शिक्षण सिकाइ प्रक्रियाको व्याख्या विश्लेषण गर्नुपर्छ । शिक्षक सुपरिवेक्षक एकै ठाँउमा बसी निर्धारित उद्देश्य अनुरुप शिक्षण भयो भएन, शिक्षण सिकाइको क्रममा कक्षाकोठामा के कस्ता गतिविधि भए, के घटना घटे, उक्त घटना किन घटे, देखिएका कमी-कमजोरी र उक्त कमी-कमजोरीलाई कसरी निराकरण गर्न सकिन्छ त्यसको सुक्ष्म विश्लेषण गर्नुपर्छ । उपचारात्मक सुपरिवेक्षणको छैटौं चरणमा सम्मेलनको योजना निर्माण गर्नु पदर्छ । सम्मेलन भन्नाले यहाँ शिक्षक र सुपरिवेक्षकबीच हुने छलफल र अन्तर्क्रियालाई बुझिन्छ । पाँचौं चरणमा गरिएको विश्लेषणबाट शिक्षण सिकाइमा देखिएका समस्या समाधान गर्न, मतभिन्नता हटाउन र असल सम्बन्ध निर्माण गर्न सम्मेलनको योजना बनाइन्छ । सातौं चरणमा शिक्षक र सुपरिवेक्षकको सहमतिले बनाइएको योजना अनुरुप सम्मेलनको आयोजना गरिन्छ । शिक्षकका सकारात्मक पक्षलाई प्रोत्साहन गर्दै कमीकमजोरी सुधारका निम्ति शिक्षकलाई उसको शिक्षणको स्वयं विश्लेषण गर्न लगाइ सुधारका लागि रणनीति तयार पार्न लगाइन्छ । आवश्यक परेमा सुपरिवेक्षकले नमुना पाठ समेत प्रर्दशन गर्नुपर्छ ।

अन्तिम चरणमा शिक्षक र सुपरिवेक्षक दुवै मिलेर अब शिक्षकको शिक्षणमा के कस्तो परिर्वतन ल्याउने हो त्यसबारे सहमति खोज्छन । बिभिन्न चरणमा प्राप्त पृष्ठपोषणका आधारमा पुनःयोजना बनाइन्छ । शिक्षक र सुपरिवेक्षकको कार्यगत सहमतिका आधारमा केही चरण छुट्न र केही दोहोरिन सक्छन् काफ्ले (२०५९), कोइराला (२०६४) तथा अधिकारी (२०६७) ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि नयाँ तथ्य, ज्ञान तथा सिद्धान्तको खोजी गर्न त्यससँग सम्बन्धित विभिन्न लेख, रचना, अध्ययन प्रतिवेदन तथा शोध अध्ययनहरूको अध्ययन गरी समीक्षा गर्नुपर्ने हुन्छ । यस अध्ययनमा पनि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा प्रतिपादित साहित्यको पुनरावलोकन गर्ने प्रयास गरिएको छ । साथै शोधकर्ताले विद्यालय सुपरिवेक्षणसँग सम्बन्धित अनुसन्धानात्मक प्रतिवेदन तथा शैक्षिक दस्तावेजको समीक्षात्मक अध्ययन गरी शोधकार्यलाई निचोडमा पुऱ्याउने प्रयास गरिएको छ ।

**निरौला** (२०७२) का अनुसार विद्यालय सुपरिवेक्षण गर्ने मुख्य सरोकारवाला पक्षहरू भनेको विद्यालय निरिक्षक, स्रोत व्यक्ति, प्रध्यानाध्यपक र वि.व्य. स पदाधिकारीहरू हुन् । यी सरोकारवाला पक्षहरूको कार्य सम्पादनलाई मूल्याङ्कन गरि दण्ड र पुरस्कारको व्यावस्था छैन् । विद्यालय सङ्ख्या अनुपातमा विद्यालय निरिक्षक र स्रोत व्यक्तिको सङ्ख्या कम छ । विद्यालयको शैक्षिक सुपरिवेक्षण औपचारिकतामा मात्र समित छ । विद्यालयका प्रध्यानाध्यापक शैक्षिक कार्यमा भन्दा प्रशासनिक कार्यमा व्यस्त रहन छन् । अभिभावकहरू शैक्षिक सुपरिवेक्षणका बारेमा अनविज्ञ  छन् ।

उल्लेख गरिएको शोध पत्र सस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणको स्थिति शिर्षकामा गरिएको अनुसन्धान हो । यस अनुसन्धानले निकालेका निष्कर्षहरूबाट हाम्रो अनुसन्धानले राखेका उद्देश्यहरू पुरा गर्ने कुरामा सहयो प्रदान गरेको छ । विद्यालयमा शैक्षिक सुपरिवेक्षणको स्थिति पहिचान गर्न र समस्याहरूलाई केलाउनमा सहजता प्रदान गरेको छ ।

**पाण्डे** (२०६६) को नेपालको शैक्षिक सुपरिवेक्षण प्रणालीमा देखिएका चुनौती शीर्षकको शोधमा विद्यालय सुपरिवेक्षणको वर्तमान अवस्था सन्तोषजनक नरहेको, जति सुपरिवेक्षण भएको छ त्यो पनि प्रशासनिक पक्षमा मात्र केन्द्रित रहेको उल्लेख छ । विद्यालय सुपरिवेक्षणको प्रमुख चुनौति शैक्षिक सुपरिवेक्षण वा प्रशासनिक निरीक्षण के हो ? भन्नेकुरा अन्यौलमा रहेको, विद्यालयको अनुपातमा विद्यालय निरीक्षक र स्रोतव्यक्ति कम भएकोले उपचारात्मक सुपरिवेक्षण विधि अपनाउन नसकिएको निष्कर्ष निकाल्दै शैक्षिक सुपरिवेक्षणमा जोड दिनुपर्ने सुझाव प्रस्तुत गरेको छ (पाण्डे, २०६६) ।

**भट्टराई** (२०६७) का अनुसार शिक्षक र सुपरिवेक्षकबीचको राम्रो अन्तरसम्बन्धले शिक्षकको मनोबलमा अभिवृद्धि, पेशागत नेतृत्वको विकास तथा पेशागत क्षमतामा अभिवृद्धि हुने गरेको उल्लेख गरेका छन् । उनले शिक्षक र सुपरिवेक्षकबीच देखिएका मुख्य समस्याहरूमा विषयगत सुपरिवेक्षकको अभाव, निरन्तर अनुगमन, सुपरिवेक्षण तथा पृष्ठपोषणको अभाव, शिक्षक र विद्यार्थीबीचको सम्बन्ध जीवन्त हुन नसक्नु, शैक्षिक वातावरणको अभाव आदि जस्ता कुराहरूउल्लेख गरेका छन् । साथै उनले विद्यालयको नियमित सुपरिवेक्षणमा जोड दिनुपर्ने, कम्तीमा महिनाको एक पटक अनिवार्य रुपमा विद्यालयमा गई शैक्षिक वातावरणमा सुधार गर्नुपर्ने सुझावहरूदिएका छन् । उनले अभ्यास तहमा काम गर्ने व्यक्ति वा निकायले विशेष गरी ध्यान दिनुपर्ने, सुपरिवेक्षणमा कार्यान्वयनको पक्ष अत्यन्तै कमजोर भएकाले यस पक्षमा ध्यान

दिनुपर्ने कुरामा जोड दिएका छन् । उपरोक्त अध्ययन प्रतिवेदनका प्राप्तिको विश्लेषण गर्दा नेपालको विद्यालय सुपरिवेक्षण प्रणाली स्रोतकेन्द्रमा आधारित रहेता पनि स्रोतकेन्द्रद्वारा विद्यालयको स्थलगत सुपरिवेक्षण भ्रमण अत्यन्त कम हुनेगरेको र भएका भ्रमण पनि प्रशासनिक निरीक्षण मै सीमित रहेको देखिन्छ । न्यून अनुगमन, सुपरिवेक्षक विषय विशेषज्ञ नहुनु, दण्ड र पुरस्कारको अभाव, सुपरिवेक्षण प्रतिवेदनको मूल्याङ्कन र कार्यान्वयन हुन नसक्नु, सुपरिवेक्षकमा विषयगत दक्षताको कमी रहनु जस्ता समस्या रहेका पाइन्छ ।

**ढुंगाना** (२०५८) का अनुसार विद्यालयहरू नियम अनुसार सञ्चालन गराउने, पाठ्यक्रम कार्यान्वयन गराइ शैक्षिक गुणस्तर उठाउने, शिक्षण क्रियाकलापमा आइपर्ने शिक्षकका समस्या समधान गर्ने, शिक्षकलाई व्यवहारिक र स्रोत पूर्ण बनाउन सहयोग गर्ने, शैक्षिक योजना निर्माण गरी कार्यान्वनय गर्ने मद्दत गर्ने जस्ता काम गर्ने व्यक्ति विद्यालय निरिक्षक हो । यस्ता कार्यहरू सम्पन्न गराउन जिल्ला शिक्षा अधिकारीले विद्यालय निरिक्षकलाई कार्य क्षेत्र तोकिदिएको हुन्छ । निरिक्षकले निरिक्षण गरी विद्यालय एवं विद्यार्थीको समस्या पहिचान गर्न सक्नु पर्दछ र तद्नुरुप सुधारका कार्य गर्न प्रेरित गर्नु पर्दछ ।

**IIEP** (२००७) को रिपोट (अधिकारी, २०६७ द्वारा उद्धृत) ले नेपालको सन्दर्भमा आवश्यक कर्मचारीको अभाव, आर्थिक अभावका कारण स्रोतव्यक्तिलाई विद्यालय सम्म पठाउन र तालिम सञ्चालन नियमित गर्न नसकिएको कुरा उल्लेख गरेका छन । यूनेस्को ट्रेनिङ्ग मोडयूल ३ का अनुसार विद्यालय र शिक्षकहरुमा स्रोतकेन्द्रको न्यून प्रभाव पर्नुका चारवटा कारणहरु उललेख गरेको छ : पहिलो अल्पसंख्यक शिक्षकहरुले मात्र स्रोतकेन्द्रहरुमा सम्पर्क गरेको पाइन्छ । विद्यालय र स्रोतकेन्द्रको दुरी टाढा हुनु, स्रोतकेन्द्रहरु विद्यालय समयमा मात्र खुल्नु, शिक्षकहरुलाई आवश्यक पर्ने शैक्षिक सामग्रीहरु उपलब्ध नहुनु र शिक्षकहरु स्रोतकेन्द्रसँग राम्ररी परिचित नहुनु, दोस्रो शिक्षकहरु जब विशेष तालिम कोर्सको आयोजना गरिन्छ तब मात्र सम्पर्कमा आउँछन् र त्यसमा पनि तिनीहरुले नयाँ विधिलाई कक्षाकोठामा उपयोग गर्न अप्ठेरो मान्छन, तेस्रो स्रोतकेन्द्रमा पर्याप्त कर्मचारीको अभावका कारण निरन्तर विद्यालयमा सम्पर्क गर्न नसक्नाले शिक्षण सिकाइलाई प्रभावकारी पार्न कठिनाइ पदर्छ, चौथो, विद्यालयका अवस्था र शिक्षकहरुका विशेषतामा परिवर्तन हुन नसक्दा विद्यालयले नयाँ विचार र स्रोतहरुलाई अबलम्बन गर्न सक्दैन ।

**जोशी** (२०६६) ले गुणस्तरीय शिक्षाका लागि स्रोतव्यक्तिको भूमिका शीर्षकको शोधमा विद्यालय सुपरिवेक्षण गर्ने प्रमुख व्यक्ति स्रोतव्यक्तिलाई पाएका छन् । स्रोतकेन्द्रले प्रभावकारी शिक्षण गराउन शिक्षक, प्र.अ., अभिभावकको मनसाय बुझेर विनयी तथा अनुशासित तरिकाले उत्प्रेरणा गर्ने, हौसला प्रदान गर्ने, मनोरञ्जनात्मक तरिकाबाट शिक्षण गर्न लगाउने गरेको उल्लेख छ । त्यस्तै विद्यालय सुपरिवेक्षणमा स्रोतव्यक्तिको आवश्यकता, महत्व र औचित्य रहेको, विद्यालय सुपरिवेक्षणको जिम्मेवारी वहन गरी गुणात्मक शिक्षामा योगदान दिएको निष्कर्ष निकालेका छन् (जोशी, २०६६) ।

शैक्षिक सुपरिवेक्षणसँग सम्बन्धीत जुनसुकै विषयमा अध्ययन अनुसन्धान गर्नका लागि सर्वप्रथम सुपरिवेक्षण के हो ? यसमा को को व्यक्ति सहभागि हुन्छन् ? उनिहरूका दायित्व र कर्तव्य के के हुन ? भन्ने कुरामा जान्न आवश्यक हुन्छ । माथिको लेख समीक्षामा विद्यालय निरिक्षकले गर्नुपर्ने कार्यहरूका वारेमा स्पष्ट उल्लेख भएको हुँदा विद्यालय निरिक्षकले विद्यालय सुपरिवेक्षणका क्रममा के गरिरहेका छन् ?उनिहरूबाट सम्पादित कार्यहरू ऐन नियम अनुसार छनछैनन् ? छैन भने अव उनिहरूले कस्ता कार्य गर्नु पर्ने हुन्छ ? जस्ता विषयहरूमा अनुसन्धानका क्रममा स्पष्ट हुन मद्दत पुगेको छ ।

## २.३ पुनरावलोकनको उपादेयता

शिक्षा आर्थिक एवम् सामाजिक रुपान्तरणको आधार शिला हो । शिक्षा प्राप्ता गर्ने औपचारीक थलो विद्यालय हो विद्यालयमा शिक्षाण सिकाइ क्रियाकलाप सफल र प्रभाव कारी बनाई गुणस्तरीय शिक्षा हासिल हुन सकेमा मात्र शिक्षाको उद्देश्य पुरा हुन्छ । त्यसैले शिक्षाको उद्देश्य पुरा गर्नको लागि विद्यालयमा गरिने सम्पूर्ण क्रियाकलापहरू सफल बनाउनको लागि विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षक तथा कर्मचारिहरूलाई आफ्नो पेशा प्रति प्रेरित गर्न आवश्यक छ । यसका लागि विद्यालयमा सुपरिवेक्षण निरन्तर रुपमा गर्नुपर्छ ।

सामुदायिक विद्यालयमा शैक्षणिक सुपरिवेक्षण शीर्षकमा शोध अध्ययन गर्ने सन्दर्भमा पूर्व स्थापित मान्यता र सिद्धान्तलाई आधार मान्दा Henry fayol (१९१६) को व्यावस्थापनका तत्व सम्बन्धि अवधारणाले विद्यालय तथा स्रोत केन्द्रको व्यास्थापिकय स्थिति बारे अध्ययन गर्न सहजता प्रदान गर्ने छ । Morris L. Cogan (१९५०) को उपचारात्मक सुपरिवेक्षण सम्बन्धि अवधारणले कक्षा कोठा भित्रका समस्याहरूको पहिचान गर्न र शैक्षणिक सुपरिवेक्षणमा देखिएका समस्याहरूको समाधानको लागि उपायहरू पहिचान गरि निष्कर्षमा पुग्न सहयोग

पुगेको छ । सम्बनिधत सहित्यको पुनारावलोकनबाट भेटिएका शैक्षणिक सुपरिवेक्षण सम्बन्धी जानकारीले प्राप्त तथ्याङ्कको व्याख्या गरि निष्कर्षमा पुग्न सहयोग गरेको छ ।

## २.४ अवधारणात्मक ढाँचा


शैक्षिक उद्देश्य प्राप्तिका लागि कक्षा कोठामा हुने अध्ययन अध्यापन क्रियाकलापमा बढी प्रभावकारिता ल्याउन सम्पूर्ण विद्यालयको शैक्षिक कार्य कलापको यथार्थ अध्ययन गरी त्यसको विकास र सुधारका लागि गरिने प्रयास नै शैक्षणिक सुपरिवेक्षण हो । शैक्षणिक सुपरिवेक्षणलाई सामाजिक, मनोवैज्ञानिक तथा शैक्षिक प्रक्रियाका रुपमा परिभाषित गर्न सकिन्छ । शैक्षणिक सुपरिवेक्षण शिक्षण सिकाइ क्रियाकलापसँग सम्बन्धित सम्पूर्ण व्यक्ति, वस्तु तथा विषयलाई समन्वय गरी सम्वद्ध गरिएको योजनावद्ध कार्यक्रम हो ।

यस अध्ययनले सामुदायिक विद्यालयमा शैक्षणिक सुपरिवेक्षणको वर्तमान अवस्था पत्ता लगाई सुपरिवेक्षणमा देखीएका समस्याहरुको पहिचान गरेर समस्या समाधानका लागि उपायहरु सुझाउने उद्देश्य राखेको छ । अध्ययनलाई सार्थक निष्कर्षमा पुऱ्याउन Henry Fayol (1916) को व्यवस्थापनका पाँच तत्वहरु योजना, संगठन, निर्देशन, समन्वय र नियन्त्रण सम्बन्धि अवधारणा र Morris L. Cogan (1950) को उपचारात्मक सुपरिवेक्षणको सिद्धान्तलाई आधार लिएको छ । Fayol को व्यवस्थापनका पाँच तत्वहरु योजना, संगठन, निर्देशन, समन्वय र नियन्त्रबाट मात्र प्रशासनिक संयन्त्र परिचालन भएमा उत्पादन बढ्ने कुरा उल्लेख गरेको छ । तर यस अध्ययनको क्रममा प्राप्त तथ्याङ्कलाई हेर्दा विद्यालय निरिक्षक, स्रोतव्यक्ति, प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समिति कसैले पनि योजनाको निर्माण गरेर योजनावद्ध रुपमा शैक्षिक सुपरिवेक्षण गरेको पाइदैन भने विद्यालयका कक्षाकोठाहरुमा पुगेर शिक्षण सिकाइ सम्बन्धि कुनै सल्लाह सुझाव दिएको पाइँदैन । यसर्थ स्थापीत सिद्धान्त वमोजिम विद्यालयमा शैक्षिक सुपरिवेक्षण भएको देखिदैन । यसरी नै Morris L. Cogan (1950) को उपचारात्मक सिद्धान्तले विद्यालयको शैक्षिक सुपरिवेक्षणलाई कक्षाकोठाको शिक्षण अवलोकनसँग मात्र सिमित गरेको छ । शिक्षक र सुपरिवेक्षकका विचमा घनिष्ट सम्बन्धको स्थापना गरी कक्षा शिक्षणमा देखा परेका समस्याहरुलाई सँगसँगै बसेर समस्या समाधानका उपायहरु खोजि गरी चरणवद्ध रुपमा समस्याहरुको समाधान गर्नु पर्छ भन्ने अवधारणा अगाडी सारेको छ । तर यस अध्ययनका क्रममा प्राप्त तथ्याङ्कलाई हेर्दा सुपरिवेक्षकले न्युन मात्रामा प्रशासनिक सुपरिवेक्षण मात्र गर्ने गरेको, कक्षा कोठामा गएर शिक्षकसँग घनिष्ट सम्बन्ध स्थापना गरी कक्षा शिक्षणका क्रममा

शिक्षकलाई आउने समस्याहरुको समाधान गर्न कुनै पहल गरेको पाइदैन । यसरी स्थापित सिद्धान्त वमोजिम शैक्षणिक सुपरिवेक्षण नभएका कारण विद्यालयको शैक्षणिक सुपरिवेक्षणमा अनेकन समस्याहरु विद्यमान छन् । यी समस्याहरु, स्थापित सिद्धान्त वमोजिम सुपरिवेक्षकहरुबाट सुपरिवेक्षण भएको खण्डमा समाधान भएर जाने देखिन्छ ।

माथि उल्लेखित मान्यता प्राप्त सिद्धान्तहरुलाई अध्ययनको विषय वस्तु सँग जोडी हेर्दा विद्यालयको शैक्षणिक सुपरिवेक्षणलाई प्रभावकारी वनाउन निम्नानुसार हुन आवश्यक देखिन्छ ।

अवधारणात्मक ढाँच




माथिको धारणले शैक्षणिक सुपरिवेक्षणलाई कसरी प्रभावकारी वनाउन सकिन्छ भन्ने कुरालाई प्रष्ट गरेको छ । विद्यालयमा हुने शैक्षणिक सुपरिवेक्षण योजना विहिन हुने गरेका कारण सुपरिवेक्षणले आशातित प्रतिफल दिन सकेको छैन । सुपरिवेक्षणलाई प्रभावकारी वनाउन योजनावद्ध सुपरिवेक्षण हुन आवश्यक हुन्छ । सुपरिवेक्षण कक्षाकोठामा देखिने समस्या समाधान केन्द्रित हुनु पर्दछ । सुपरिवेक्षकको व्यवहार सहयोगी र प्रजातान्त्रीक भएमा मात्र शैक्षणिक सुपरिवेक्षण व्यवहारिक वन्ने देखिन्छ । सुपरिवेक्षकले स्थायी रुपमा समस्याको समाधान गर्न सुपरिवेक्षणलाई नियमितता दिन आवश्यक हुन्छ ।

# परिच्छेद तीन : अध्ययनको विधि र प्रक्रिया

यस परिच्छेदमा यो शोध अध्ययन कुन अनुसन्धानात्मक ढाँचामा आधारित छ । अध्ययनको जनसंख्यामा को को परेका छन् । कुन विधिको प्रयोग गरी नमुना जनसंख्या छनौट गरिएको छ । तथ्याङ्क संकलन गर्न कुन कुन विधि तथा साधनको प्रयोग गरी तथ्याङ्क संकलन कसरी गरिएको छ ? तथ्याङ्कका स्रोतहरू के के छन् ? तथ्याङ्क विश्लेषण कसरी गरिएको छ, भन्ने कुरा उल्लेख गरिएको छ । यो परिच्छेदले यो शोध अध्ययन कसरी सम्पन्न गरिएको छ, भन्ने प्रश्नको सम्वोधन गरेको छ ।

## ३.१ अध्ययनको ढाँचा र विधि

यो शोध अध्ययनका लागि गुणात्मक र परिमाणात्मक गरी मिश्रित अनुसन्धान ढाँचा अपनाइएको छ । अध्ययनको उद्देश्य प्राप्तिका लागि नमुना छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति पदाधिकारी, सम्वन्धित स्रोतव्यक्ति, विद्यालय निरिक्षकसँग प्रत्यक्ष भेटघाट, प्रश्नावली, अन्तर्वार्ता जस्ता विधि तथा साधनको प्रयोगबाट प्राप्त तथ्याङ्कलाई शाब्दिक रुपमा व्याख्या विश्लेषण गरी निश्कर्षमा पुग्न यस अध्ययनमा गुणात्मक र परिमाणात्मक सहितको मिश्रित अनुसन्धान ढाँचा अपनाइएको छ ।

## ३.२ अध्ययनको जनसंख्या, नमुना छनौट र नमुना छनौट रणनीति

कुनै पनि अध्ययन अनुसन्धान तथा खोज कार्यका लागि निश्चित क्षेत्र र जनसंख्याको आवश्यकता पर्दछ । सिमित स्रोत साधन र समयको कारणले धेरै ठूलो क्षेत्र समेट्न सम्भव नहुने हुँदा निश्चित जनसंख्यालाई आधार मानेर निष्कर्ष प्राप्त गरी अन्य क्षेत्रमा सामान्यीकरण गर्ने प्रयास गरिनेछ । यो अध्ययनका लागि मोरङ जिल्लाको लेटाङ्ग स्रोत केन्द्र अन्तर्गत लेटाङ्गभोगटेनि नगरपालिका भित्र रहेका  २० वटा सामुदायिक विद्यालयहरू, त्यहाँ कार्यरत प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, विद्यालय निरिक्षक, स्रोतव्यक्ति र अभिभावकहरूलाई जनसंख्याका रुपमा लिइएको छ ।

यो शोध अध्ययनको लागि निर्धारण गरिएको पुरै जनसंख्यासँग प्रत्यक्ष सम्पर्क गरी तथ्याङ्क संकलन गर्न कठिन हुने भएकोले अध्ययनको उद्देश्यमा केन्द्रीत भई तथ्याङ्कको उपलब्धता र सहजतामा आधारीत भएर निर्धारित जनसंख्याबाट प्रतिनिधि मुलक नमुन छनौट गरिएको छ ।

यस अध्ययनमा मूल जनसंख्याबाट सवै पक्षको प्रतिनिधित्व हुने गरी उद्देश्यमुलक नमुना छनौटका आधारमा निम्नानुसारको नमुना छनौट गरिएको छ ।

तालिका १ : नमुना छनौटका विद्यालयहरू

| क.सं. | विद्यालयको नाम | प्र.अ | वि.व्य.स पदाधिकारी/ अभिभावक | शिक्षक | वि.नि. | स्रोत व्यक्ति |
|---|---|---|---|---|---|---|
| १ | श्री शान्ति भगवती मा.वि. लेटाङभोगटेनी - ८ | १ | १ | १ | १ | १ |
| २ | श्री शिक्षा विकास मा.वि. लेटाङभोगटेनी - १० | १ | १ | १ | | |
| ३ | श्री लक्ष्मी मा.वि. लेटाङभोगटेनी - ६ | १ | १ | १ | | |
| ४ | श्री वालविकास नि.मा.वि. लेटाङभोगटेनी - ४ | १ | १ | १ | | |
| ५ | श्री सूर्य प्रा.वि. लेटाङभोगटेनी - ९ | १ | १ | १ | | |
| ६ | श्री पब्लिक प्रा.वि. लेटाङभोगटेनी - ११ | १ | १ | १ | | |
| जम्मा | | ६ | ६ | ६ | १ | १ |

स्रोत : स्रोत केन्द्र लेटाङ, शैक्षिक क्यालेण्डर, २०७३

## ३.३ अध्ययनको क्षेत्र

यो अध्ययन सामुदायिक विद्यालयमा शैक्षणिक सुपरिवेक्षणको वर्तमान अवस्था पत्ता लागाई शैक्षणिक सुपरिवेक्षणमा देखिएका समस्याहरूको पहिचान गरी समस्या समाधानका उपायहरू सुझाउन गरिएको हो । शैक्षिक सुपरिवेक्षणको क्षेत्रभित्र विद्यालयको पठन पाठन, क्रियाकलाप, पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण प्रक्रिया मुल्याङ्कन, अवलोकन, शैक्षिक विकास र विस्तार, पेशागत दक्षता अभिबृद्धि जस्ता विषय बस्तुहरू अध्ययन क्षेत्र भित्र पर्दछन् ।

पहाडी र तराई दुवै खालको भैगोलिक संरचना भएको ठाउँमा यस अध्ययनको लागि अध्ययन क्षेत्र छनौट गरिएको छ । अध्ययन क्षेत्रको उत्तरी खण्ड चुरे पहाड भित्र पर्दछ भने दक्षिणी खण्ड

तराईको भावर प्रदेश भित्र पर्दछ। यो क्षेत्र नदिबाट दुई भागमा विभाजित छ यस क्षेत्रको दक्षिणी भाग पुर्वधार विकासको दृष्टिले केहि सुगम देखिन्छ भने उत्तरी खण्ड तुलनात्मक रुपमा विकट देखिन्छ।

## ३.४ तथ्याङ्कका स्रोतहरू

तथ्याङ्क जहाँबाट प्राप्त गर्न सकिन्छ, त्यस ठाउँलाई तथ्याङ्कको स्रोत भनिन्छ। यस शोध अध्ययनमा प्राथमिक र सहायक स्रोत गरि दुई किसिमका स्रोतहरूबाट तथ्याङ्क संकलन गरिएको छ।

### ३.४.१ प्राथमिक स्रोत

यस शोध अध्ययनमा प्रतिनिधि नमुना छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, सम्वन्धित स्रोत व्यक्ति र विद्यालय निरीक्षकसँग प्रश्नावली, मौखिक अन्तर्वार्ताका साधन बाट संकलन गरिने तथ्याङ्कलाई प्राथमिक स्रोतका रुपमा लिइएको छ।

### ३.४.२ द्वितीय स्रोत

विद्यालय अभिलेख, शैक्षिक पत्रिका, प्रतिवेदनहरू, पूर्व अनुसन्धान, विभिन्न समयमा प्रकाशित पुस्तकहरूमा प्राप्त सुचना आदि वाट प्राप्त तथ्याङ्कलाई यस शोध अध्ययनमा सहायक स्रोतको रुपमा लिइएको छ।

## ३.५ तथ्याङ्क संकलनका साधनहरू

यस शोध अध्ययनको उद्देश्य प्राप्तिका लागि प्रश्नावली, अन्तरवार्ता, अभिलेख अध्ययन जस्ता साधनको प्रयोग गरी तथ्याङ् संकलन गरिएको छ।

### ३.५.१ प्रश्नावली

अनुसन्धानको लागि छनौट भएका नमुना जनसंख्या भित्रका व्यक्तिलाई लिखित रुपमा प्रश्नावली निर्माण गरी सुचना तथा तथ्याङ्क संकलन गरिएको छ। नमुना जनसंख्या भित्रका प्रधानाध्यापक, शिक्षक विद्यालय व्यवस्थापन समिति पदाधिकारी, स्रोत व्यक्ति र विद्यालय निरिक्षकका लागि लिखित प्रश्नावली बनाइ सो को नमुना अनुसूचीमा राखिएको छ।

### ३.४.२ अन्तरवार्ता

यो शोध अध्ययनका लागि नमुना छनोटमा परेका व्यक्तिलाई स्थलगत भ्रमणको क्रममा मौखीक रुपमा प्रश्न शोधी तथ्याङ्क संकलन गरिएको छ ।

### ३.४.३ अभिलेख अध्ययन

अनुसन्धानका लागि विद्यालय सुधार योजना, वि.व्य.स. वैठक पुस्तिका, शिक्षक स्टाफ बैठक पुस्तिका निरिक्षण पुस्तिका, शिक्षक हाजिरी खाता, शैक्षिक क्यालेन्डरको अध्ययन गरि तथ्याङ्क संकलन गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

यस शोध अध्ययनमा तथ्याङ्क संकलन गर्नका लागि नमुना, छनौटमा परेका व्यक्तिहरूलाई प्रश्नावली उपलब्ध गराएर तथ्याङ्क भर्न लगाई तथ्याङ् संकलन गरिएको छ । छनौटमा परेका विद्यालयमा अनुसन्धान कर्ता स्वयं उपस्थित भएर छनौटमा परेका व्यक्तिसँग अन्तरवार्ता तथा विद्यालय अभिलेख अध्ययन गरी तथ्याङ्क संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्कको विश्वसनियता र वैधता

यस शोध अध्ययनका लागि तय गरिएका तथ्याङ्क सकलनका साधनहरूबाट संकलीत सुचनादाताहरको सुचना एक आपसमा मिल्छ मिल्दैन हेर्ने, प्राप्त सुचना र अभिलेखमा तालमेल भएनभएको हेर्ने जस्ता प्रक्रिया अनाएर जाँच गरिएको छ । वैधताकालाई अनुसन्धानको उद्देश्य अनुरुप प्रश्नावली भए नभएको हेर्ने, उद्देश्य अनुरुप सूचना प्राप्त भए नभएको हेरिएको छ ।

## ३.७ तथ्याङ्क विश्लेषण प्रक्रिया

यो अनुसन्धानको लागि अध्ययन कर्ता स्वयंबाट स्थलगत अध्ययन र खुला तथा बन्द प्रश्नावलीबाट संकलन गरिएको तथ्याङ्कलाई बढी भरपर्दो र विश्वसनिय बनाउन उद्देश्य अनुसार विभिन्न समुहमा वर्गिकरण गरी व्याख्या विश्लेषण गरिएको छ । तथ्याङ्कहरूलाई पूर्व स्थापित सिद्धान्त तथा साहित्यसँग जोडेर विश्लेषण गर्दै निश्कर्षमा पुगिएको छ । यो अध्ययन गुणात्मक तथा परिमाणात्मक गरी मिश्रित ढाँचामा गरिएको अध्ययन भएकोले तथ्याङ्कहरूलाई तालिका, चित्र तथा शाब्दिक व्याख्याको माध्यमबाट विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : नतिजाको व्याख्या एवम् विश्लेषण

यस परिच्छेदमा शोध अध्ययनका क्रममा छनोटमा परेका व्यक्तिहरुसँग गरिएको अन्तर्वार्ता, भराईएका प्रश्नावली तथा अभिलेख अध्ययनबाट प्राप्त शाब्दिक तथ्याङ्कहरुलाई अध्ययनको मुख्य अनुसन्धानात्मक प्रश्न र उद्देश्य अनुसारका विभिन्न उप-शीर्षकमा विभाजन गरी नतिजाको विश्लेषण गरिएको छ । उद्देश्यको क्रम अनुसारका उपशीर्षकभित्र प्राथमिक र सहायक स्रोतबाट आएका शाब्दिक तथ्याङ्कहरुलाई प्रस्तुत गरेर स्थापित सैद्धान्तिक खाका र सम्बन्धित साहित्यको पुनरावलोकनबाट प्राप्त तथ्यलाई जोडेर विश्लेषण गरी प्राप्तिहरु निकालिएको छ ।

## ४.१ विद्यालयमा शैक्षणिक सुपरिवेक्षणको. वर्तमान अवस्था

शैक्षणिक सुपरिवेक्षण शिक्षण सिकाई कार्यमा सुधार ल्याउन गरिने प्रक्रियागत र योजनाबद्ध कार्य हो । शैक्षणिक सुपरिवेक्षणले गर्ने कार्यहरुको अवस्था पहिचान गर्न विद्यालय सुपरिवेक्षेणको अवस्था बुझ्नुपर्ने हुन्छ ।

यस शीर्षकमा विद्यालयमा शैक्षणिक सुपरिवेक्षणको वर्तमान अवस्था पत्ता लगाउन नमुना छनोटमा परेका विद्यालयहरु ति विद्यालयका प्रधानाध्यापक, शिक्षक, वि.व्य.स.पदाधिकारिहरु, सम्बन्धित स्रोत व्यक्ति तथा विद्यालय निरिक्षकबाट, भराइएको प्रश्नावलि, मौखिक अन्तवार्ता र विद्यालयमा रहेको निरीक्षण पुस्तिकाको अध्ययनबाट प्राप्त तथ्याङकलाई विद्यालय निरीक्षकबाट भएको शैक्षणिक सुपरिवेक्षण, स्रोत व्यक्ति बाट भएको शैक्षणिक सुपरिवेक्षण, प्रधायनाध्यापकबाट भएको शैक्षणिक सुपरिवेक्षण, वि.व्य.स. पदाधिकारिबाट भएको शैक्षणिक सुपरिवेक्षण जस्ता उपशीर्षक अन्तर्गत रहेर व्याख्या विश्लेषण गरी विद्यालयमा शैक्षणिक सुपरिवेक्षणको वर्तमान अवस्था पत्ता लगाइएको छ ।

### ४.१.१ विद्यालय निरीक्षकबाट भएको विद्यालय सुपरिवेक्षण

वि.सं. २०१५ सालमा शिक्षा विभागको स्थापना भए पश्चात नेपालमा सुपरिवेक्षणको शुरुवात भए पनि राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले मात्र यसलाई प्राविधिक सेवाको रुपमा स्वीकार गरी सुपरिवेक्षण कार्यका लागि शिक्षा सेवाका विद्यालय निरिक्षकहरु रहने व्यवस्था गरेको थियो (विद्यालय निरिक्षण स्रोत सामग्री, २०५३) । जुन व्यवस्था आज पनि छदैछ । हाल नेपालमा प्रत्येक विद्यालका लागि विद्यालय निरिक्षकको व्यवस्था गरि विद्यालय सुपरिवेक्षण गर्ने

गराउर्ने व्वस्था छ । यसै सन्दर्भमा मोरङ जिल्लाको लेटाङ स्रोत केन्द्र अन्तर्गत लेटाङ भोगटेनी नगरपालिका भित्र रहेका २० वटा विद्यालयहरु मध्ये ६ वटा सामुदायीक विद्यालयहरुमा सम्बन्धित क्षेत्रका विद्यालय निरिक्षक बाट शैक्षिक सत्र २०७० देखि २०७३ मंसिर महिना सम्ममा भएको सुपरिवेक्षण, उक्त विद्यालयमा रहेको निरिक्षण पुस्तिकाको अध्ययनबाट प्राप्त भएको तथ्याङकलाई निम्नानुसार प्रस्तुत गरिको छ ।

तलिका :- २ विद्यालय निरिक्षकबाट भएको निरिक्षणको अवस्था

| क.स. | विद्यालयको नाम | २०७० | २०७१ | २०७२ | २०७३ |
|---|---|---|---|---|---|
| १. | श्री शान्ति भगवति मा.वि, ले.भो - ८ | - | - | १ | १ |
| २. | श्री शिक्षा विकास मा.वि, ले.भो - १० | १ | २ | - | १ |
| ३. | श्री लक्ष्मी मा.वि, ले.भो - ६ | - | २ | १ | २ |
| ४. | श्री वालविाकास नि.मा.वि, ले.भो -४ | - | १ | १ | १ |
| ५. | श्री सुर्य प्रा.वि, ले.भो - ९ | १ | १ | १ | - |
| ६. | श्री पब्लिक प्रा.वि, ले.भो - ११ | १ | १ | १ | १ |

स्रोत : विद्यालय निरिक्षण पुस्तिका, २०७३

शिक्षा नियमावली, २०५९ मा विद्यालय निरिक्षकले प्रत्येक महिनामा कम्तिमा एकपटक विद्यालय निरिक्षण तथा सुपरिवेक्षण गर्ने गराउने र त्यसैगरी निरीक्षण तथा सुपरिवेक्षण गर्ने कममा प्रधानाध्यापक तथा विद्यालय व्यस्थापन समिति संग छलफल गरी छलफल भएको कुरा र निरिक्षण तथा सुपरिवेक्षण सम्बन्धि व्यहोरा विद्यालय निरिक्षण पुस्तिकामा जनाउनु पर्ने व्यवस्था छ । तर उक्त विद्यालयहरुको स्थलगत अवलोकनका क्रममा ४ वर्षको अवधिमा १ वटा विद्यालयमा २ पटक, २ वटा विद्यालयमा ३ पटक, २ वटा विद्यालयमा ४ पटक र १ वटा विद्यालयमा ५ पटक मात्र सुपरिवेक्षण भएको र अर्को तिर प्रधानाध्यापक र व्यवस्थापन समितिका पदाधिकारी संग छलफल गरी छलफल भएको कुरा निरिक्षण पुस्तिकामा उल्लेख भएको पाइएन । माथिको तालिकालाई विश्लेषण गर्दा विद्यालय निरिक्षक द्वारा नियमावली वमोजिम तोकिएको आफ्नो निरिक्षण क्षेत्र अन्तर्गतका विद्यालयहरुमा तोकिए बमोजिम सुपरिवेक्षण गर्ने कर्तव्य पुरा गर्न सकेको देखिदैन । अध्ययन क्षेत्र संग सम्बन्धित विद्यालय निरिक्षक समक्ष प्रश्नावली मार्फत विद्यालयहरुमा शैक्षिक सुपरिवेक्षणको वर्तमान अवस्था पत्ता लगाउन पश्नहरु सोधिएकोमा निम्नानुसार जानकारी प्राप्त गरिएको छ ।

तालिका नं. ३ : विद्यालयमा विद्यालय निरिक्षकद्वरा शैक्षणिक सुपरिवेक्षण

| सि.न. | प्रश्नहरु | उत्तरहरु |
|---|---|---|
| १. | नियमितरुपमा विद्यालय सुपरिवेक्षण गर्नु भएको छ ? | समय समयमा गर्छु |
| २. | विद्यालय सुपरिवेक्षण वर्षमा कति पटक गर्नु हुन्छ ? | आवश्यकता अनुसार |
| ३. | विद्यालय सुपरिवेक्षणको कममा नमुना कक्षा शिक्षण गर्ने गराउने गर्नु भएको छ । | कहिले काही गर्ने गराउने गर्छु |
| ४. | विद्यालय सुपरिवेक्षणको कममा वि.व्य.स. पदाधिकारी तथा अभिभावक संग अन्तरक्रिया हुन्छ ? | कहिले काही मात्र हुन्छ । |
| ५. | विद्यालय सुपरिवेक्षणको अवस्था कस्तो छ ? | सुधार गर्नु पर्छ । |

स्रोतः स्थलगत अध्ययन, २०७३

उल्लेखित तालिकाको अध्ययन गर्दा मोरङ जिल्लाको लेटाङ स्रोत केन्द्र अन्तर्गत लेटाङ भोगटेनी नगरपालिका भित्रका विद्यालयहरुमा सम्बन्धित क्षेत्रका विद्यालय निरिक्षकले नियमावलिले तोके बमोजिम विद्यालय सुपरिवेक्षण गर्न नसकेको, कहिलेकाहि मात्र सुपरिवेक्षण हुदा पनि सम्बन्धित विद्यालयका वि.व्य.स. पदाधिकारी तथा अभिभावक संग थोरै मात्र अन्तर्गक्रिया हुने गरेको देखिन्छ । त्यसै गरी नमूना कक्षा शिक्षण गर्ने गराउने नगरेर शिक्षकलाई कक्षा शिक्षण गर्दा आइपर्ने समस्याहरुको समाधान गरिदिने गरेको पाइएन । निरिक्षक स्वंयले सुपरिवेक्षण प्रभाकारी हुन नसकेको स्वीकार गरेको पाइयो ।

Morris l.cogan (1950) को उपचारात्मक सुपरिवेक्षण सम्बन्धि सिद्धान्तका अनुसार सुपरिवेक्षकले योजना, अवलोकन र विश्लेषणको प्रक्रिया अवलम्वन गरेर कक्षा कोठा भित्र शिक्षकका शिक्षण सिकाइसंग सम्बन्धित समस्याहरु पहिचान गरी समस्या निराकरणमा जोड दिनु पर्छ । सुपरिवेक्षकले शिक्षक संग घनिष्ट सम्बन्ध स्थापना गरि दुबै पक्षको संलग्नतामा सुधारका योजना बनाइ शिक्षण सिकाइमा देखिएका शिक्षकका समस्याहरु समाधान गरि दिनु पर्छ । यहाँ विद्यालय निरिक्षकबाट विद्यालय सुपरिवेक्षण नगरी निरिक्षण मात्र गरेको देखिन्छ, निरिक्षण शिक्षण सिकाइसंग केन्द्रित नभइ प्रशासनिक रुपमा मात्र केन्द्रित भएको पाइन्छ, निरिक्षकले सुपरिवेक्षकका रुपमा सुपरिवेक्षण नगरि निरिक्षकका रुपमा मात्र निरिक्षण गरेर यो सिद्धान्त अनुरुप दायित्व पुरा नगरेको देखिन्छ ।

माथि उल्लेखित व्याख्याबाट प्रष्ट हुन्छ कि विद्यालयमा विद्यालय निरिक्षकले नियमावलिले तोकेको जिम्मेवारी पुरा गर्न नसकेको देखिन्छ । शिक्षा नियमावललीले प्रत्येक महिना विद्यालय निरिक्षकले विद्यालय निरिक्षण गर्नु पर्ने भनि तोकेकोमा वर्षमा एक पटक मात्र औसत रुपमा निरिक्षण गरिनुलाई ठुलो चुनौती एव्म कमजोरीको रुपमा हेर्न सकिन्छ । विद्यालय निरिक्षकले आफ्नो निरिक्षणलाई शिक्षण सिकाइ केन्द्रित सुपरिवेक्षणका रुपमा सुधार नगरे सम्म शिक्षण सिकाइमा सुधार आइ विद्यालयको लक्ष्य पुरा नहुने देखिन्छ । त्यसैले  निरिक्षकले आफुलाई तोकेको जिम्मेवारि पूर्ण रुपमा पुरा गरी आफ्नो निरिक्षण कार्यलाई कक्षा शिक्षण सिकाइ क्रियाकलाप सम्म पुऱ्याएर सुपरिवेक्षकको रुपमा सुपरिवेक्षण गर्न सकेमा विद्यालयको लक्ष्य पुरा हुने देखिन्छ ।

## ४.१.२  स्रोत व्यक्तिबाट भएको विद्यालय सुपरिवेक्षण

वि. सं. २०३७ सालमा विद्यालयको शैक्षिक सुपरिवेक्षण कार्यलाइ प्रभावकारि र व्यवहारिक बनाउन सेती परियोजना कार्यक्रमबाट स्रोत केन्द्रको अवधारणा नेपालमा प्रारम्भ भएको थियो । स्रोत केन्द्रमा एक जना स्रोत व्यक्ति रहने व्यवस्था छ । स्रोत समुहका विद्यालयहरु मध्ये स्रोत साधनले सम्पन्न तथा ति विद्यालयहरुको भौगोलिक रुपमा विचमा पर्ने विद्यालयलाइ स्रोत केन्द्रको रुपमा काम गर्ने व्यवस्था मिलाएको पाइन्छ (श्रेष्ठ, २०७२) ।

स्रोत व्यक्तिको मुख्य काम विद्यालय निरिक्षण र शिक्षकको पेशागत दक्षता विकास गराउनु हो । जसका लागि पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, र अन्य सन्दर्भ सामग्रीको प्रयोग गर्न शिक्षकलाइ सहयोग गर्नु, शिक्षण विधि, शैक्षिक सामग्री निर्माण र प्रयोग गर्न निर्देशन दिनु, विद्यालय समुदाय बिच सम्बन्ध सुदृढ गर्नु, सेवाकालिन तालिम सञ्चालन गर्नु, नमूना पाठ प्रदर्शन गर्नु, कक्षा अवलोकन गरी शिक्षण सिकाइ क्रियाकलापमा देखिएका कमी कम्जोरीहरु हटाउन सुझाब दिनु आदि कार्यहरु गर्नु पर्ने हुन्छ । लेटाङ स्रोत केन्द्रका स्रोत व्यक्तिबाट आफुले पुरा गर्नु पर्ने जिम्मेवारी के-कसरी पुरा गरेका छन भन्ने कुरा जानकारी लिन लेटाङ स्रोत केन्द्र अन्तर्गत लेटाङ भोगटेनी नगरपालीका भित्र रहेका २० वटा सामुदायीक विद्यालयहरु मध्ये ६ वटा विद्यालयको स्थलगत भ्रमणबाट बिद्यालयमा उपलब्ध विद्यालय निरिक्षण पुस्तिकाको अध्ययन गर्दा शैक्षिक सत्र २०७० देखि २०७३ मंसिर सम्म सम्बन्धित स्रोत व्यक्तिले गरेको विद्यालय सुपरिवेक्षणको अवस्था निम्नानुसार भेटिएको छ ।

तालिका नं. ४ : स्रोत व्यक्तिबाट भएको विद्यालय सुपरिवेक्षण

| क.स. | विद्यालयको नाम | २०७० | २०७१ | २०७२ | २०७३ |
|---|---|---|---|---|---|
| १. | श्री शान्ति भगवति मा.वि, ले.भो -८ | - | - | ३ | १ |
| २. | श्री शिक्षा विकास मा.वि, ले.भो -१० | २ | २ | १ | २ |
| ३. | श्री लक्ष्मी मा.वि, ले.भो -६ | १ | २ | ४ | १ |
| ४. | श्री वालविाकास नि.मा.वि, ले.भो-४ | १ | १ | १ | - |
| ५. | श्री सुर्य प्रा.वि, ले.भो-९ | १ | १ | १ | - |
| ६. | श्री पब्लिक प्रा.वि, ले.भो-११ | १ | १ | १ | १ |

स्रोतः विद्यालय निरिक्षण पुस्तिका,२०७३

मथिको तालिकालाई अध्ययन गर्दा शैक्षक सत्र २०७० देखि २०७३ मंसिर सम्ममा लेटाङ स्रोतकेन्द्रका स्रोत व्यक्तिबाट चार वर्षको अवधीमा दुई वटा विद्यालयमा तीन पटक, दुई वटा विद्यालयमा चार पटक, एक वटा विद्यालयमा सात पटक र एक वटा विद्यालयमा आठ पटक विद्यालय निरीक्षण गरेको पाइयो । जुन स्रोत विकास निर्देशिका २०५९ ले व्यवस्था गरे वमोजिम सन्तोषजनक मान्न सकिदैन । स्रोत विकास निर्देशिका ,२०५९ ले हरेक महिना हरेक विद्यालयका लागि कम्तिमा १० दिन स्रोत व्यक्तिले विद्यालय निरिक्षणका लागि समय छुट्याउनु पर्छ भनि उल्लेख गरेको छ । विद्यालयमा शैक्षिक सुपरिवेक्षणको अवस्था बुझ्न लेटाङ स्रोत केन्द्रका स्रोत व्यक्तिलाई प्रश्नावलिद्वारा प्रश्न सोधिएकोमा निम्नानुसार जानकारी प्राप्त गरिएको छ ।

तालिका नं. ५ : स्रोत व्यक्तिबाट विद्यालयको सुपरिवेक्षण

| सि.न. | प्रश्नहरु | उत्तरहरु |
|---|---|---|
| १. | विद्यालयको सुपरिवेक्षणको अवस्था कस्तो छ ? | प्रभावकारी हुन सकेको छैन |
| २. | विद्यालय सुपरिवेक्षणको क्रममा नमुना कक्षा शिक्षण गर्ने गराउने गनु भएको छ ? | गराउने गरेको छुइन । |
| ३. | विद्यालयमा शैक्षिक सुपरिवेक्षण गर्न जादाँ वि.व्य.स. पदाधिकारी र अभिभावक संग अन्तरक्रिया गर्नु हुन्छ ? | कहिले काहि मात्र |
| ४. | नियमित रुपमा विद्यालय सुपरिवेक्षण गर्ने गर्नुभएको छ ? | नियमित गर्छु |

स्रोत : स्थलगत अध्ययन , २०७३

मथिको तालिकालाई अध्ययन गर्दा स्रोत व्यक्तिबाट विद्यालयमा भएको सुपरिवेक्षणको अवस्था सन्तोषजनक देखिएन । विद्यालयको सुपरिवेक्षण प्रभावकारी हुन नसकेको, स्रोत व्यक्तिले नमुना कक्षा शिक्षण गर्ने गराउने नगरेको, स्रोत व्यक्तिबाट कहिले काहि मात्र वि.व्य.स. पदाधिकारी तथा अभिभावकसंग अन्तरक्रिया गर्ने गरेको, नियमित रुपमा विद्यालय सुपरिवेक्षण हुन्छ, भने तापनी विद्यालय अभिलेखमा नदेखिएको हुदा विद्यालयामा शैक्षिक सुपरिवेक्षण नियमानुसार भएको देखिदैन । यस बाट स्रोत व्यक्तिले स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरुलाई उचित योजना सहित निर्देशन, समन्वय र नियन्त्र गरेर शिक्षण सिकाइसंग सम्बन्धित समस्याहरू समाधान गर्न प्रभावकारी भूमिका खेल्न नसकेको देखिन्छ ।

Henry Fayol (1916) का अनुसार प्रशासकका व्यवस्थापकिय कार्य अन्तर्गत योजना, संगठन, निर्देशन, नियन्त्रण र समन्वय पर्दछन । प्रशासकले आफ्नो जिम्मेवारी अनुसारको उदेश्य पुरा गर्न आवधिक योजना बनाउने, योजना कार्यान्वयन गर्ने गराउने, संगठन गर्ने, आवश्यक निर्देशन दिने, सञ्चार सम्बन्ध स्थापना गर्ने, समन्वय गर्ने जस्ता कार्यहरु गर्नुपर्दछ । यहाँ स्रोत व्यक्तिबाट यस सिद्धान्त वमोजिम विद्यालय सुपरिवेक्षण सम्बन्धी कार्य गरेको देखिदैन । स्रोत व्यक्तिले आवधिक योजना बनाएर योजना अनुसार सुपरिवेक्षण कार्य नगरी भौतिक पुर्वाधार निर्माण, परीक्षा, विद्यालयको वार्षिक उत्सव जस्ता विद्यालयका विशेष कार्यक्रमहरुमा मात्र विद्यालय पुगेर निरिक्षण गरेको निरिक्षण पुस्तिका अभिलेखबाट स्पष्ट भएको छ । तर्सथ स्रोतव्यक्तिले यो सिद्धान्त अनुसार आफ्नो दायित्व पुरा गरेको देखिदैन ।

मथिको व्याख्याबाट यो प्रष्ट हुन्छ कि स्रोत व्यक्तिले स्रोत विकास निर्देशिका, २०५९ ले तोकि दिएको जिम्मेवारी पुर्ण रुपमा पुरा गर्न नसकेको देखिन्छ । स्रोत विकास निर्देशिका २०५९ ले प्रत्येक विद्यालयका लागि महिनामा १० दिन स्रोत व्यक्तिले विद्यालय सुपरिवेक्षणका लागि समय छुट्याउनु पर्ने व्यवस्था गरेकोमा सो अनुसारको व्यवहार स्रोत व्यक्ति बाट भएको देखिदैन । त्यसै गरि योजनाबद्ध ढँगबाट विद्यालय सुपरिवेक्षण नगरी स्रोत व्यक्तिले विद्यालका विशेष अवसरहरुमा मात्र विद्यालहरुमा पुगेर प्रशासनिक रुपमा निरिक्षण गरेको देखिन्छ । त्यसैले स्रोत व्यक्तिले आवधिक योजना बनाइ योजना अनुसार निर्देशिकाले उल्लेख गरे अनुसारको समय विभाजन गरेर शिक्षण सिकाइ क्रियाकलाप केन्द्रित सुपरिवेक्षण गर्न सकेको खण्डमा विद्यालयले राखेको लक्ष्य पुरा हुने देखिन्छ ।

## ४.१.३, प्रधानाध्यापकबाट भएको विद्यालय सुपरिवेक्षण

संस्था संचालन गर्न र निर्धारित उदेश्य हाँसिल गर्न तथा सम्बद्ध जनशक्ति परिचालन गरी समयानुकुल दक्ष र सक्षम जनशक्ति उत्पादन गर्न त्यस संस्थामा एक जना प्रमुखको आवश्यकता परे जस्तै विद्यालयमा पनि प्रधानाध्यापकको आवश्यकता पर्दछ । प्रधानाध्यापक आफ्नो विद्यालयको शैक्षिक नेता हो । शैक्षिक लक्ष्य प्राप्तिका लागि शिक्षक, कर्मचारि, विद्यार्थी, अभिभावक आदिलाई प्रेरित गर्न सक्नुपर्दछ । प्रधानाध्यापकमा शिक्षण विधी, शैक्षिक सामग्री, शैक्षिक संगठन र मूल्याङकन प्रविधिको ज्ञान हुन जरुरी छ (कोइराला, २०५९) । शिक्षा नियमावली २०५९ मा प्रधानाध्यापकले शिक्षकहरुसंग परामर्श गरी कक्षा सञ्चालन सम्बन्धि कार्यक्रम तयार गर्ने र सो कार्यक्रम वमोजिम कक्षा सञ्चालन भए नभएको निरिक्षण गर्ने भन्ने उल्लेख गरिएको छ । नियमावलीमा उल्लेख भए वमोजिम प्रधानाध्यापकले शिक्षकहरुसंग सहकार्य गरी कक्षा सञ्चालन सम्बन्धी कार्यक्रम तयार गरी सो वमोजिम भए नभएको सुपरिवेक्षण गर्नु पर्दछ । विद्यालयहरुमा प्रधानाध्यापकहरुद्वरा नियमअनुसार सुपरिवेक्षण भए नभएको वास्तविक अवस्था पत्ता लगाउन नमुना छनौटमा परेका विद्यालयका प्रधानाध्यापकहरुलाई तपाइ आफ्नो विद्यालयमा नियमित सुपरिवेक्षण गर्नु हुन्छ ? भनी पश्न गरिएकोमा प्राप्त उत्तरलाइ निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तलिका नं. ६ : प्रधानाध्यापक बाट भएको विद्यालय सुपरिवेक्षण

| क.सं. | विकल्पहरु | प्र.अ.संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | नियमित गर्छु | ३ | ५०% |
| २. | कहिलेकाहि गर्छु | ३ | ५०% |
| ३. | कहिल्यै गर्दिन | ० | ० |
| ४. | प्रधानाध्यापकले भ्याउदैन | ० | ० |
| ५. | अन्य भए ---- | ० | ० |

स्रोत : स्थलगत अध्ययन ,२०७३

मथिको तालिका अध्ययन गर्दा ६ जना प्रधानाध्यापक मध्ये तीन जना अर्थात ५०% ले नियमित रुपमा सुपरिवेक्षण गरेको र तीन जना अर्थात ५०% ले कहिलेकाहि मात्र सुपरिवेक्षण गरेर नियमित रुपमा सुपरिवेक्षण नगरेको देखिन्छ । नियमित रुपमा सुपरिवेक्षण नगरी जिम्मेवारी पुरा गर्न नसक्ने प्रधानाध्यापकले नियमअनुसार सुपरिवेक्षण गर्नु अति आवश्यक छ ।

प्रधानाध्यापक विद्यालयको शिक्षकको साथै सुपरिवेक्षक पनि हो । शिक्षण सिकाइ प्रकृयामा देखिएका समस्याहरुलाइ समाधान गरी शिक्षण सिकाइ प्रकृयालाई सहज बनाउन प्रधानाध्यापकले विद्यालयमा शिक्षकको कक्षा शिक्षणको पनि अवलोकोन गर्नु पर्छ । यस अनुसन्धानको क्रममा नमुना छनोटमा परेमा विद्यालयका प्रधानाध्यापकहरुलाई कक्षा अवलोकनको अवस्था पत्ता लगाउन तपाई शिक्षकको कक्षा अवलोकन कतिको गर्नु हुन्छ ? भन्ने प्रश्न गरिएकोमा आएको उत्तरलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिन्छ ।


तालिका नं ७ : प्रधानाध्यापकबाट गरिएको कक्षा अवलोकन

| क.स. | विकल्पहरु | प्रधानाध्यापक संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | गरिदैन | ० | ०% |
| २. | भ्याइदैन | १ | १७% |
| ३. | गर्न आवश्यकता छैन | ० | ०% |
| ४. | आवश्यकता अनुसार गरिन्छ | ५ | ८३% |
| ५. | अन्य भए --- | ० | ०% |

स्रोत : स्थलगत अध्ययन ,२०७३

माथिको तालिकाको अध्ययन गर्दा एक जना प्रध्यानाध्यापकले कार्यवोझ वा अन्य कुनै कारणले कक्षा अवलोकन गर्न नभ्याएको र ५ जना प्रधानाध्यापकले आवश्यकता अनुसार कक्षा अवलोकन गर्ने गरेको देखिन्छ ।

चित्र नं. १ : प्रधानाध्यापकबाट गरिएको कक्षा अवलोकन



उपचारात्मक सुपरिवेक्षणको सिद्धान्तले सुपरिवेक्षकले शिक्षकसंग सु-मधुर सम्वन्ध स्थापना गरेर शिक्षक संग संगै वसेर योजना निर्माण गरी शिक्षण सिकाइ प्रकृयालाई सहज बनाएको खण्डमा सिकाइमा सुधार हुने उल्लेख गरेको छ । तर यहाँ प्रधानाध्यापकबाट कक्षा अवलोकन गर्न नभ्याएको र आवश्यकता अनुसार मात्र कक्षा अवोलोकन गर्ने गरेबाट कक्षा सिक्षणमा देखिने समस्या समाधान भइ विद्यालयको लक्ष्य पुरा नहुने देखिन्छ । यसका लागि प्रधानाध्यापकले कक्षा सुपरिवेक्षणमा नियमितता बढाउन आवश्यक छ ।

## ४.१.४. विद्यालय व्यवस्थापन समितिबाट भएको विद्यालय सुपरिवेक्षण

विद्यालय समाजको एउटा अंग हो । विद्यालय विना समाजको गती रोकिन गई सभ्यताको विकास पनि हुन सक्दैन भने समाजविना विद्यालयको कुनै अस्तित्व नै रहँदैन । त्यसैले यि दुइ पक्षहरु एक आपसमा परिपुरक छन् । समुदायलाई आवश्यक पर्ने मानव स्रोत विद्यालयले उत्पादन गर्दछ भने समुदायले विद्यालयको स्थापना, सञ्चालन, रेखदेख र परिचालन गरी भाषा, संस्कृति, चालचलन र रीतिरिवाजहरु दोस्रो पुस्तामा हस्तान्तरण गर्न सहयोग गर्दछ (शर्मा, २०६६) । यसको अर्थ समुदायलाई आवश्यक पर्ने जनशक्ति विद्यालयले उत्पादन गरिदिन्छ भने समुदायले विद्यालयको स्थापना, रेखदेख, निरिक्षण, नियन्त्रण र सुपरिवेक्षण गर्ने गर्दछ । सुपरिवेक्षण सम्बन्धि कार्य शिक्षा मन्त्रालय मातहतका कर्मचारी, वि.नि. स्रोत व्यक्तिहरुको मात्र होइन । विद्यालयको प्रत्यक्ष सम्बन्ध स्थानिय समुदायसंग हुने भएकोले स्थानिय स्तरबाट समेत सुपरिवेक्षण हुन् जरुरी छ । शिक्षा ऐन २०२८ मा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि हरेक विद्यालयहरुमा अभिभावक, शिक्षा प्रेमी, समाजसेवि, विद्यालयका चन्दादाता, संस्थापक आदि सदस्य रहने गरी विद्यालय व्यस्थापन समिति गठन हुनु पर्ने व्यवस्था उल्लेख गरी विद्यालय सुपरिवेक्षणको दायित्व स्थानिय तहसम्म कानुनी रुपबाटै हस्तान्तरण गरिएको छ । यस अध्ययनको क्रममा नमुना छनौट गरिएका विद्यालयहरुमा स्थलगत अवलोकन तथा वि.व्य.स. पदाधिकारीहरुसंग छलफल र प्रश्नावली गरिएको थियो । उक्त क्रममा विद्यालयहरुमा समुदायबाट के कसरी सुपरिवेक्षण भइरहेको छ ? भनी पत्ता लगाउन वि.व्य.स. पदाधिकारीहरु संग तपाइ आफ्नो विद्यालयमा कतिको जानु हुन्छ ? भनि प्रश्न सोधिएकोमा प्राप्त उत्तर लाइ निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ८ : विद्यालय व्यवस्थापन समिति पदाधिकारीबाट भएको विद्यालय सुपरिवेक्षण

| क.सं. | विकल्पहरु | वि.व्य.स.पदाधिकारी संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | बैठक वा कार्यक्रम हुँदा | ४ | ६७% |
| २. | प्राय : दिनहुँ | ० | ० |
| ३. | कहिले काहि | २ | ३३% |
| ४. | जाँदिन | ० | ० |
| ५. | अन्य भए | ० | ० |

स्रोत : स्थलगत अध्ययन ,२०७३

माथिको तालिकाको अध्ययन गर्दा ६ जना विद्यालय व्वस्थापन समिति पदाधिकारिहरुसंग प्रश्न गरिएकोमा ४ जनाले बैठक वा कार्यक्रमहरुमा मात्र विद्यालय जाने गरेको र २ जनाले कहीले काही मात्र विद्यालय जाने गरेको देखिन्छ । शिक्षा ऐनले विद्यालयको रेखदेख, सञ्चालन र व्यवस्थापन गर्ने जिम्मा वि.व्य.सं पदाधिकारिहरुलाई जिम्मा दिएको छ । तर वि.व्य.स. पदाधिकारिहरु विद्यालयको विशेष कार्यक्रममा तथा कहिले काहि मात्र विद्यालय गएर ऐनले दिएको जिम्मेवारी पुरा गर्न नसकेको देखिन्छ । यहाँ वि. व्य. स. पदाधिकारीहरुले नियमित रुपमा विद्यालयमा उपस्थित भएर ऐनले दिएको जिम्मेवार पुरा गर्नु पर्ने आवश्यक्ता देखिन्छ ।

सारांशमा भन्नु पर्दा विद्यालयमा सुपरिवेक्षण कार्य न्युन मात्र हुने गरेको पाइयो । विद्यालय सुपरिवेक्षणको जिम्मा लिएका विद्यालय निरिक्षक र स्रोत व्यक्तिले नियम कानुनले तोके बमोजिमको समय भन्दा धेरै कम समयमात्र विद्यालय सुपरिवेक्षणका लागि खर्च गरेको देखिन्छ । विद्यालय संख्याको आधारमा विद्यालय निरिक्षक तथा श्रोत व्यक्तिहरुको संख्या कम भएको र भएका विद्यालय निरिक्षक तथा श्रोत व्यक्तिहरुका लागि पर्याप्त स्रोत तथा सन्दर्भ सामाग्रीको व्यवस्तता भएको देखिदैन । भैगोलिक विकटता, कार्य व्यस्तता जस्ता काराणहरु देखाएर शिक्षा नियमावली २०५९ तथा स्रोत विकास निर्देशिकाले तोके बमोजिको समय छुट्याएर विद्यालय सुपरिवेक्षण गर्न नसकेको देखिन्छ ।

स्थानिय स्तरबाट विद्यालय सुपरिवेक्षणको दायित्व वि.व्य.स., शि.अ.सं, तथा अभिभावकको हो । यहाँ वि.व्य.स. पदाधिकारीहरु विद्यालयको विशेष अवसर तथा बैठकमा मात्र विद्यालयमा उपस्थित हुने गरेका करण स्थानिय स्तरबाट हुने सुपरिवेक्षण प्रभावकारी भएको देखिदैन ।

वि.व्य.स. पदाधिकारीहरुले स्थानिय अभिभावकको प्रतिनिधित्व गर्ने भएका हुदा स्थानिय स्तरको सुपरिवेक्षणमा वि.व्य.स.को अहम भुमिका हुन्छ ।

## ४.२ विद्यालय सुपरिवेक्षणमा देखिएका समस्याहरू

विद्यालयमा शिक्षक र विद्यार्थीहरु विचको शिक्षण सिकाई क्रियाकलाप उपयुक्त भए नभएको, विद्यार्थीको सिकाई प्रभावकारी भए नभएको र शिक्षण सिकाई प्रक्रियामा आउने समस्याहरुको पहिचान गरी सोको समाधान गर्नु नै शैक्षणिक सुपरिवेक्षण हो । वर्तमान अवस्थामा विद्यालयको शैक्षिक सुपरिवेक्षण समस्याहरुबाट अछुतो छैन् । विद्यालय सुपरिवेक्षणमा विविध समस्याहरू छन् । यसर्थ विद्यालय सुपरिवेक्षणमा मुख्य समस्या के कस्ता रहेछन् भन्ने कुरा पत्ता लगाउनका लागि नमुना छनौट गरिरहेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, वि.व्य.स. पदाधिकारीहरु, स्रोतव्यक्ति तथा विद्यालय निरिक्षकलाई प्रश्नावली मार्फत सोधिएको प्रश्नहरुवाट प्राप्त भएका तथ्याङ्कलाई निम्न उप शीर्षकमा राखेर व्याख्या विश्लेषण गरी शैक्षणिक सुपरिवेक्षणमा देखापरेका समस्याहरूको खोजि गरिएको छ ।

### ४.२.१ विद्यालय सुपरिवेक्षणमा देखिएका मुख्य समस्याहरू


विद्यालय सुपरिवेक्षण प्रक्रियमा अनेकौ समस्याहरू छन् । विद्यालय सुपरिवेक्षणमा मुख्य समस्याहरू के-कस्ता रहेछन् भन्ने कुरा पत्ता लगाउन नमुना छनौट गरिएका विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, सम्बन्धित श्रोतव्यक्ति तथा विद्यालय निरिक्षकलाई प्रश्नावली मार्फत सोधिएका प्रश्नहरूबाट आएका जवाफहरूलाई निम्नानुसारको तालिकामा प्रस्तुत गरी मुख्य समस्याहरूको खोजि गरिएको छ ।

तालिका ९ : विद्यालय सुपरिवेक्षणमा देखिएका मुख्य समस्याहरु

| उत्तरहरू | प्र. अ. तथा शिक्षक संख्या | वि. नि. तथा स्रोत व्यक्ति संख्या | वि. व्य. स. पदाधिकारी | जम्मा संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| राजनीतिक हस्त क्षेप | ३ | २ | ३ | ६ | ३० |
| नितिनियमको पालना नगर्नु | २ | | २ | ६ | ३० |
| कार्यव्यस्तता | १ | | | १ | ५ |
| प्रकृयामुखी, वा औपचारिकता मा सिमित | ६ | | १ | ७ | ३५ |
| अन्य भए | ० | ० | ० | ० | ० |
| जम्मा | १२ | २ | ६ | २० | १०० |

माथिको तालिकालाई अध्यायन गर्दा १२ जना प्र.अ. तथा शिक्षकहरु मध्ये तीन जना अर्थात २५% ले राजनीतिक हस्तक्षेप, दुई जना अर्थात १७% ले नीतिनियमको पालना नगर्नु, एक जना अर्थात ८ % ले कार्यव्यस्तता, ६ जना अर्थात ५०% ले औपचारिकतामा सिमित रहनुलाई विद्यालय सुपरिवेक्षणको मुख्य समस्या औल्याउनु भएको छ। त्यसै गरी जम्मा दुई जना वि.नि. र स्रोत व्यक्ति मध्ये दुवै जनाले अर्थात १००% ले नीति नियमको पालना नगर्नुलाई विद्यालय सुपरिवेक्षणको मुख्य समस्या औल्याउनु भएको छ। यसरी नै जम्मा छ जना वि.व्य.स. पदाधिारीहरु मध्ये एक जनाले अर्थात १७% ले औपचारिकतामा सिमित, दुइजनाले अर्थात ३३% ले नीतिनियमको पालना नगर्नु र तीन जनाले अर्थात ५०% ले राजनीतिक हस्तक्षेपलाई विद्यालय सुपरिवेक्षणको मुख्य समस्या औल्याउनु भएको छ।

चित्र नं. २ : विद्यालय सुपरिवेक्षणमा देखिएका मुख्य समस्याहरु



माथिको तथ्याङ्कबाट यो स्पष्ट हुन्छ भने प्रश्न सोधिएका २० जना मध्ये ३०% ले राजनीतिक हस्तक्षेप, ३०% ले नितिनियमको पालना नगर्नु, ५% ले कार्यव्यस्तता र ३५% ले औपचारिकतामा सिमित रहनुलाई विद्यालय सुपरिवेक्षणको मुख्य समस्या मानेको हुनाले यि चार ओटै कारणहरु विद्यालयको शैक्षणिक सुपरिवैक्षणमा बाधक रहेको देखिन्छ । जम्मा २० जना मध्ये ७ जना अर्थात ३५% बाट औपचारिकतामा सिमित रहनु नै वर्तमान अवस्थामा विद्यालयको शैक्षणिक सुपरिवेक्षणको मुख्य समस्या हो भन्ने उत्तर प्राप्त भएको हुदा यसलाई नै मुख्य समस्याको रुपमा लिननुपर्ने हुन्छ किन कि यो नै धरै जनाले समस्याको रुपमा महसुस गरेको कुरा हो ।

### ४.२.१.१ औपचारिकता मात्र पुरा गर्ने संस्कृतिको विकास

ऐन नियम तथा निर्देशिकाहरूले तोकिदिए अनुसारको जिम्मेवारी पुरा नगर्दा पनि कानुनत कुनै कार्वाही हुन नसक्दा विद्यालय सुपरिवेक्षणसँग सम्बद्ध सरोकारवालाहरूले आफ्नो जिम्मेवारीलाई प्रक्रियामा मात्र सिमित गरेर आफ्नो कार्य सम्पादनलाई औपचारिकता दिने संस्कारको रूपमा मात्र विकास गर्दै लगेको पाइन्छ । यो संस्कार शैक्षिक क्षेत्रको अलावा अन्य क्षेत्रहरूमा पनि क्रमश विस्तार हुदै गएको देखिन्छ । शैक्षिक क्षेत्रमा बढेको राजनीतिक हस्तक्षेप, निति नियमको कमजोर पालना, दण्डहिनताको अवस्था, राम्रो कामले सम्मान प्राप्त गर्न नसक्नु जस्ता कारणहरूले विद्यालय सुपरिवेक्षण औपचारिकतामा सिमित हुन पुगेको छ । विद्यालय सुपरिवेक्षण औपचारिकता पुरा गर्ने किसिमबाट मात्र सम्पादन हुदा आज कक्षा कोठाका समस्याहरू समधान हुन सकिरहेका छैनन् । कक्षा कोठा भित्र हुने शिक्षण सिकाई क्रियाकलाप पनि औपचारिकतामा मात्र सिमित हुन थालेको आभास पाइन्छ । औपचारिकता मात्रको विद्यालय सुपरिवेक्षणले कक्षा कोठा भित्रको शिक्षण सिकाइ क्रियाकलापलाई पनि औपचारिकता तर्फ उन्मुख गराउँदा आज सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि क्रमश ह्रास हुदै गएको पाइन्छ ।

यो शोध अध्ययनका क्रममा तथ्याङ्क संकलनका लागि नमुना छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति पदाधिकारी, सम्बन्धित श्रोतव्यक्ति तथा विद्यालय निरिक्षकलाई प्रश्नावली मार्फत प्रश्न गरी सोधिदा उहाँहरूले दिएको उत्तर तथा विद्यालयहरूमा रहेका निरिक्षण पुस्तिकाबाट प्राप्त तथ्याङ्कालाई केलाएर हेर्दा उहाँहरू नै विद्यालय सुपरिवेक्षण गर्ने व्यक्तिहरू हुनु भएको र उहाँहरूले ऐन, नियमावली तथा निर्देशिकाले तोके बमोजिमको समय अनुरुप विद्यालय सुपरिवेक्षण सम्बन्धि कार्य गरेको देखिदैन भने विद्यालयका भौतिक पुर्वाधार निर्माणहरूको फरफराक तथा औपचारीक कार्यकमहरूमा उपस्थित

भएको बेला विद्यालय सुपरिवेक्षण नगरी निरिक्षण मात्र गर्ने गरेबाट विद्यालय सुपरिवेक्षण सम्बन्धि कार्य औपचारिकतामा मात्र सिमित रहेको पुष्टि हुन्छ । यसरी विद्यालय सुपरिवेक्षण सम्बन्धि कार्यलाई औपचारिकतामा मात्र सिमित गर्दा विद्यालयका शैक्षिक गतिविधिहरू पनि औपचारिकतामा सिमित हुन पुग्ने र शैक्षिक उपलब्धि शुन्य हुन सक्ने देखिन्छ । यसका लागि स्थानिय समुदाय, राज्य व्यवस्था तथा सम्बद्ध निकायले तत्काल चनाखो हुन आवश्यक देखिन्छ ।

### ४.२.१.२ राजनीतिक हस्तक्षेप

शैक्षिक गतिविधिहरूमा दलिय पुर्वाग्रह तथा विद्यालय सञ्चालनमा राजनीतिक गतिविधिले प्रत्यक्ष तथा परोक्ष रुपमा पुऱ्याउने प्रभावलाई नै शैक्षिक क्रियाकलापमा राजनीतिको हस्तक्षेप भन्न सकिन्छ । विद्यालय सुपरिवेक्षण पनि एक शैक्षिक क्रियाकलाप भएकोले यो समस्याबाट अछुतो छैन । विद्यालय व्यवस्थापन समितिको गठन, सञ्चालन देखि लिएर प्र.अ छनौट, शिक्षक नियुक्ति, समेतमा दलिय आग्रह, पुर्वाग्रह देखिन्छ । यसले कक्षा कोठाको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन र सो को सुधारमा समेत प्रभाव पार्ने गरेको छ । दल विशेषका वैचारिक आस्था बोकेका शिक्षकका पेशागत संगठन तथा संगठनमा आवद्ध शिक्षक र सो संगठनका शिक्षक नेताहरूले दलिय आडमा प्रधानाध्यापक, श्रोतव्यक्ति, विद्यालय निरिक्षक जस्ता सुपरिवेक्षकहरूले स्वतन्त्र रुपले गर्नु पर्ने विद्यालय सुपरिवेक्षणको कार्यलाई प्रभाव पार्ने गरेको पाइन्छ । यस्ता कार्यले सुपरिवेक्षकहरूसँग रहेको दक्षता र क्षमता सहि रुपमा प्रयोगमा आउन नसक्ने हुँदा कक्षा कोठामा हुने शिक्षण सिकाइ क्रियाकलापमा रहेका कमि कमजोरी सुधार गर्न सकिएको छैन ।

शिक्षा ऐन, नियमावली तथा विभिन्न निर्देशिकाहरूको निर्माण कार्य देखि नै राजनितिका हस्तक्षेप देखिन्छ । राजनीतिक हस्तक्षेपले कानुन कार्यान्वयनमा समेत प्रभाव पारेको छ । राजनीतिक हस्तक्षेपका कारण नितिनियमहरू प्रभावकारी रुपमा कार्यान्वयनमा आउन सकेको छैनन । कानुनको प्रभावकारी कार्यान्वयन नहुँदा दण्डहिनता बढ्न गइ कार्यसम्पादनमा औपचारिकताको संस्कृती बढेर गएको छ । यसले शैक्षिक उपलब्धिमा प्रत्यक्ष असर पुऱ्याउँदै आएको छ । राजनीतिक हस्तक्षेपका कारण प्रभाकारी रुपमा विद्यालय सुपरिवेक्षण गर्ने कार्यमा असर पर्ने गरेको छ । दलिय आग्रह तथा पुर्वाग्रहले विद्यालयको सुपरिवेक्षण गर्ने दायित्व बोकेका सुपरिवेक्षकहरूलाई स्वतन्त्र रुपमा सुपरिवेक्षण गर्ने वातावरण छैन । जसका कारण कक्षा कोठा

सम्म पुगेर सुपरिवेक्षकले आफ्नो क्षमता प्रस्तुत गर्ने गराउने कार्यलाई प्रभावकारी बनाउन सकेका छैनन् ।

राजनीतिक आग्रह, पुर्वाग्रहका कारण राजनीतिक दलहरूले गर्ने बन्द हडताल, विद्यालय परिषर भित्र गर्ने राजनीतिक गतिविधि, विद्यालय प्रशासन, सुपरिवेक्षक, शिक्षक र तिनले गर्ने कार्य प्रति समेत पुर्वाग्रह व्यवहार गर्ने परिपाटीले विद्यालय सुपरिवेक्षणमा असर पुगेको छ । दलिय आस्थाका पेशागत शिक्षक संगठन र सो मा आवद्ध शिक्षक, प्रधानाध्यापक, श्रोतव्यक्तिले गर्ने कार्य प्रति राजनीतिक हस्तक्षेपकै कारण फरक आस्थाका व्यक्तिले पुर्वाग्रही ढंगबाट हेर्ने परिपाटीका कारण पनि विद्यालय सुपरिवेक्षण प्रभावकारी बन्न सकेको छैन । जसको असर सामुदायिक विद्यालयको शैक्षिक उपलब्धिको सुधार गर्ने कार्यमा परेको छ ।

सामुदायिक विद्यालयको शैक्षिक उपलब्धिलाई सुधार गर्न विद्यालयको शैक्षिक गतिविधिलाई राजनीतिक हस्तक्षेपबाट मुक्त तुल्याउनु पर्छ । यसका लागि राजनीतिक दल र तिनका नेताले निहित दलिय स्वार्थको घेराबाट बाहिर निस्किएर विद्यालयलाई व्यवहारिक रुपमा नै राजनीतिबाट मुक्त तुल्याउन सक्नु पर्छ । विद्यालय भित्र गरिने दलिय आस्थाका आधारमा गरिने राजनैतिक गतिविधिलाई दण्डनिय बनाउनु पर्छ ।

## ४.२.१.३ नीतिनियमको पालना नगर्नु

नमुना छनौटमा परेका व्यक्तिहरूले दिएको तथ्याङ्कलाई केलाएर हेर्दा विद्यालय सुपरिवेक्षणको जल्दो बल्दो समस्याका रुपमा नितिनियमको पालना नहुनुलाई औंल्याएका छन । निहित दलिय स्वार्थको घेरा बन्दीबाट निर्माण भएका ऐना, नियमावली र निर्देशिकाहरू अनुकुलता भन्दा बाहिर रहँदा पालना नहुने र पालना गराउन नसक्ने किसिमको नेपालको राजनीतिक परिपाटी नै आजको मुख्य समस्या बनेको छ । यसले नितिनियमको कार्यान्वयनको पाटोमा दण्डहिनता र औपचारिकताको संस्कृति जस्ता समस्याहरूलाई जन्माएको छ । यि समस्याहरू विद्यालय सुपरिवेक्षणमा पनि मौलाएका देखिन्छन् ।

अस्थिर राजनीतिका कारण नेपालमा कानुन कार्यान्वयनमा समस्या आएको पाइन्छ । एउटा राजनीतिक शक्ति सत्तामा रहेका बेला निर्माण भएको कानुनलाई अर्को राजनीतिक शक्ति सत्तामा पुग्दा कानुनमा परिर्वतन गर्ने र आफ्नो स्वार्थ अनुकुल बनाउने संस्कारले कानुनको प्रभावकारीता र विश्वासमा ह्रास आएका कारण नितिनियमहरूको पालना नहुने परिपाटी विकास

भएको पाइन्छ। नितिनियमको पालना नहुँदा कुनै दण्डको भागिदार बनाउन नसकि दण्डहिनताको अवस्था सृजना भएका कारण पनि नितिनियमको पालना नहुने परिपाटी मौलाएको देखिन्छ।

शोध अध्ययनका क्रममा विद्यालयमा राखीएका निरिक्षण पुस्तिकाबाट प्राप्त तथ्याङ्कलाई केलाएर हेर्दा श्रोत व्यक्तिले श्रोत विकास निर्देशिकाको पुर्ण पालना नगरेको देखिन्छ भने विद्यालय निरिक्षकले शिक्षा ऐन र नियमावलीको पालना गरेको देखिदैन। यसरी विद्यालय सुपरिवेक्षण गर्ने जिम्मा लिएका सुपरिवेक्षकले कानुनको पालना नगर्दा पनि कुनै दण्डको व्यवस्था गरेको देखिदैन। यसबाट सुपरिवेक्षकले दायित्व बोध नगरेको स्पष्ट हुन्छ भने कानुन कार्यान्वयनमा हेलचेकाइ भएको देखिन्छ। यसमा सुधार आउन नसक्ने हो भने सुपरिवेक्षकमा स्वेच्छाचारिकता बढ्न गइ प्रभावकारी सुपरिवेक्षण नहुने र कक्षाकोठाका समस्याहरू समाधान हुन नसक्ने देखिन्छ। यसका लागि नेपाल सरकार, शिक्षामन्त्रालय जिल्ला शिक्षा कार्यालय, स्थानिय समुदाय, विद्यालय व्यवस्थापन समिति लगायत सम्बन्धित सबै सरोकारवालाहरूको तत्काल यस तर्फ ध्यान जान आवश्यक छ।

### ४.२.१.४ श्रोत साधन र क्षमतामा कमी

विद्यालय सुपरिवेक्षणमा देखिएका समस्याहरू मध्ये सुपरिवेक्षक समक्ष आवश्यक श्रोत साधन र क्षमतामा कमी रहनु पनि एक समस्या हो। परिवर्तीत समय अनुकुल विद्यालय सुपरिवेक्षण गर्नु हुने सुपरिवेक्षकहरू समक्ष आधुनिक प्रविधिको अभाव छ  भने प्रविधि प्रयोग सँग सम्बन्धि ज्ञानको पनि कमी देखिन्छ। सुपरिवेक्षकको रुपमा रहनु हुने वि.व्य. स पदाधिकारीहरू समक्ष तालिम अभावका कारण सुपरिवेक्षण सम्बन्धि ज्ञानमा कमी छ भने श्रोत व्यक्ति, वि.नि र प्रधानाध्यापकलाई सुपरिवेक्षण सम्बन्धि पुनरताजगि तालिमको अभाव देखिन्छ।

विद्यालय सुपरिवेक्षणका लागि पुर्वाधार विकासको पनि आवश्यकता हुन्छ। विद्यालय भित्र रहने भौतिक पुर्वाधारको कमी, शिक्षण सिकाइ मैत्री पुर्वाधारको अभाव, शैक्षिक सामग्रीको कमी र प्रयोग अभाव, पाठ्यक्रम र पाठ्यपुस्तकको न्युन प्रयोग, शिक्षण सिकाई मैत्री कक्षा कोठाको अभाव जस्ता कुराहरू पनि विद्यालय सुपरिवेक्षणमा देखिने समस्याहरू हुन्। यस तर्फ पनि विद्यालय प्रशासन, विद्यालय व्यवस्थापनले ध्यान दिन आवश्यक छ।

विद्यालय सुपरिवेक्षण वा शैक्षणिक सुपरिवेक्षणको मुख्य उद्देश्य कक्षामा हुने अध्ययन अध्ययापन कार्यालाई स्तर युक्त गराउन शिक्षक तथा विद्यार्थीलाई आवश्यक सहयोग पुऱ्याइ शिक्षामा गुणात्मक स्तर बृद्धि गर्नु हो । कक्षा कोठामा हुने अध्ययन अध्ययापन कार्यालाई स्तरीय बनाउन कक्षा कोठा भित्र रहने शिक्षकलाई आवश्यक सुझाव र सहयोगको आवश्यकता पर्दछ । यसका लागि अनुसन्धान दक्षता प्रजातान्त्रिक व्यवहार, नेतृत्व सीप, शिक्षण सीप, जस्ता गुण भएको सुपरिवेक्षकको खाँचो पर्दछ । विद्यालय सुपरिवेक्षण गर्ने सुपरिवेक्षकहरू समक्ष के कस्ता गुण र क्षमताहरूको कमि देखिन्छ भनी नमुना छनौटमा परेका विद्यालयका शिक्षकहरूलाई प्रश्नावली मार्फत पश्न गर्दा प्राप्त भएको जवाफलाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ ।


तालिका : १० सुपरिवेक्षकसँग रहेको गुण/ क्षमताको स्थिति

| क.स. | उत्तरहरु | शिक्षक संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कनै अभाव देखिएन | ० | ० |
| २ | हरेक विषयको विषयगत ज्ञान | ४ | ६६ % |
| ३ | प्रजातान्त्रिक व्यवहार | १ | १७ % |
| ४ | सामुहिक चिन्तन | १ | १७ % |
|  | अन्य | ० | ० |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिकाको अध्ययन गर्दा छ जना शिक्षकहरु मध्ये चार जना अर्थात ६६.% ले निरिक्षकहरुमा हरेक विषयको विषयगत ज्ञानको अभाव, एक जना अर्थात १७% ले प्रजात्रान्त्रीक व्यवाहारको अभाव, १ जना अर्थात १७ % सामूहिक चिन्तनको अभाव भन्ने जवाफ प्राप्त भएको तथ्याङ्कले देखाएको छ । धेरै शिक्षकरुको धारणमा निरिक्षकहरुमा हरेक विषयको विषयगत ज्ञानको अभाव रहेको भन्ने देखिन्छ भने निरिक्षकहरूमा प्रजात्रन्त्रीक व्यवहार र सामुहिक चिन्तनको अभाव समेत रहेको तथ्याङ्ले देखाएको छ ।

चित्र नं. ३ : सुपरिवेक्षकसँग रहेको गुण/ क्षमताको स्थिति




माथिको चित्रबाट यो स्पष्ट हुन्छ कि निरिक्षकहरुमा विविध प्रकारका अभावहरु छन् । त्यसमा मुख्य अभाव हरेक विषयको विषयगत ज्ञान नहुनु हो भने प्रजानान्त्रिक व्यवहार र सामुहिक चिन्तनको कमि पनि अभावकै रुपमा देखिएको प्रष्ट हुन्छ । त्यसैले विद्यालय निरिक्षकहरुको नियुक्ति गर्दा विषयगत विशेषज्ञताका आधारमा मात्र नियुक्ति गर्न सम्बन्धित निकायले ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

## ४.२.१.५ कार्यव्यस्तता

कार्यव्यस्तता पनि विद्यालय सुपरिवेक्षणमा देखिएका समस्याहरू मध्ये एक समस्या हो । विद्यालय सुपरिवेक्षण गर्ने दायित्व बोकेका विद्यालय निरिक्षक, श्रोतव्यक्ति, प्रधानाध्यापकलाई विद्यालय सुपरिवेक्षण गर्ने कार्यका अतिरिक्त अन्य जिम्मेवारी पनि सुम्पिएकाले कार्यबोझ बढ्न गइ विद्यालय सुपरिवेक्षण प्रभावकारी बन्न सकेको देखिदैन । विद्यालय निरिक्षक र श्रोतव्यक्तिको संख्या अनुपातमा सुपरिवेक्षण गर्नु पर्ने विद्यालयको संख्या बढी भएका कारण कार्यबोझ बढ्न गएको देखिन्छ भने प्रधानाध्यापकहरूलाई प्रसाशनिक र शैक्षणिक कार्यले कार्यबोझ बढाएको देखिन्छ । यसरी विद्यालय सुपरिवेक्षकहरूको दोहोरो जिम्मेवारी तथा ठुलो आकारको

जिम्मेवारीका कारण विद्यालय सुपरिवेक्षण प्रभावकारी बन्न सकेको छैन । यसका लागि सम्बन्धित निकायले ध्यान दिन आवश्यक छ ।

सारांशमा भन्नु पर्दा विद्यालयको शैक्षिक सुपरिवेक्षणमा विविध समस्याहरु छन् । सुपरिवेक्षकहरु औपचारिकतामा मात्र सिमीत रहनु, राजनीतिक हस्तक्षेप हुनु, नीतिनियमको पनना नगर्नु सुपरिवेक्षकहरुमा सबै विषयको विषयगत दक्षताको अभाव हुनु, विद्यालयसंख्यको अनुपातमा विद्यालय निरिक्षक र स्रोत व्यक्तिको दरवन्दीकम हुनु, दण्डहिनताको अवस्था कायमा रहिरहनु र दण्ड र पुरस्कारको व्यवस्था कमजोर रहनुलाई विद्यालय सुपरिवेक्षणको मुलभुत समस्याहरुको रुपमा लिन सकिन्छ ।

## ४.३ विद्यालय सुपरिवेक्षणमा देखिएका समस्याहरु समाधान गर्ने उपायहरु

विद्यालयको सुपरिवेक्षण प्रक्रियामा विविध समस्याहरु छन् । विद्यालय सुपरिवेक्षणमा देखिएका समस्याहरूलाई के कसरी समधान गर्न सकिन्छ भन्ने सन्दर्भमा नमुना छनौटमा परेका विद्यालयहरू संग सम्बन्धित व्यक्तित्वहरु प्रध्यानाध्यापक, शिक्षक, वि.व्य.स पदाधिकारी, वि.नि. र स्रोत व्यक्तिबाट प्राप्त तथ्याङ्कलाई निम्न उपशीर्षकहरूमा राखेर व्यख्या विश्लेषण गरि समस्या समाधानको उपायहरूको खोजि गरिएको छ ।

### ४.३.१ विद्यालय सुपरिवेक्षणका समस्या समाधानका मुख्य उपायहरू

विद्यालयको सुपरिवेक्षण समस्याबाट मुक्त छैन । विद्यालय सुपरिवेक्षण प्रक्रियामा अनेकौ समस्याहरु छन् । ति समस्याहरुलाई समाधान गर्ने मुख्य उपाय के होला ? भनि जानकारी हाासिल गर्न अध्ययन क्षेत्रका नमुना विद्यालयहरु संग सम्वन्धित प्रधानाध्यापक, शिक्षक, वि.व्य.स पदाधिकारी, विद्यालय निरिक्षक तथा स्रोत व्यक्ति संग प्रश्नावली मार्फत प्रश्न गर्दा उहाँहरुबाट प्राप्त जवाफलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।


तालिका ११ : विद्यालय सुपरिवेक्षणमा देखिएका समस्याहरुलाई समाधान गर्ने मुख्य उपाय

| उत्तरहरु | प्र.अ.तथा शिक्षक संख्या | वि.व्य.स. पदाधिकरी संख्या | वि.नि.तथा स्रोत व्यक्ति संख्या | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| कडा नितिनियम बनाइ लागु गर्ने | ३ | १ | ० | ४ | २० |
| राजनितिक हस्तक्षेपको अन्त्य गर्ने | १ | १ | ० | २ | १० |
| पुरस्कार र दण्डको व्यवस्था गर्ने | ६ | ३ | १ | १० | ५० |
| योजना वद्ध सुपरिवेक्षण गर्ने | २ | ० | १ | ३ | १५ |
| अन्य भए -....... | | १ | | १ | ५ |
| जम्मा | १२ | ६ | २ | २० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिल्लो तालिकाको अध्ययन गर्दा जम्मा १२ जना प्रधानाध्यपक तथा शिक्षकहरुमध्ये तीन जना अर्थात २५% ले कडा नितिनियम बनाई लागु गर्नु पर्ने, एक जना अर्थात ८ % ले राजनितिक हस्तक्षेपको अन्त्य गर्ने, छ जना अर्थात ५०% ले पुरस्कार र दण्डको व्यवस्थ गर्ने, दुई जना अर्थात १७% ले योजना वद्ध सुपरिवेक्षण गर्नु पर्ने, भन्ने धारणा राख्नु भएको छ। यसरी नै दुइ जना विद्यालय निरिक्षक र स्रोत व्यक्ति मध्ये एक जा अर्थात ५०% ले योजना वद्ध सुपरिवेक्षण गर्नु पर्ने १ जना अर्थात ५०% ले पुरस्कार र दण्डको व्यवस्था गर्नु पर्ने धारण राख्नु भएको छ। त्यसैगरी छ जना वि.व्य.स. पदाधिकारीहरु मध्ये एक जना अर्थात १७% ले कडा नितिनियम बनाई लागु गर्नु पर्ने, एक जना अर्थात १७% ले राजनितिक हस्तक्षेपको अन्त्य हुन पर्ने, तीन जना अर्थात ५०% ले पुरस्कार र दण्डको व्यवस्था हुनु पर्ने र एक जना अर्थात १७% ले अन्यमा विद्यालय सुपरिवेक्षणमा स्थानिय समुदायको भुमिका बढाउनु पर्ने धारणा राख्नु भएको छ।

चित्र नं. ४ : विद्यालय सुपरिवेक्षणमा देखिएका समस्याहरुलाई समाधान गर्ने मुख्य उपाय




माथिको तत्याङ्कबाट के स्पष्ट हुन्छ भने प्रश्न सोधिएका जम्मा २० जना मध्ये ४ अर्थात २०% ले कडा नितिनियम बनाई लागु गर्ने, २ जना अर्थात १०% ले राजनितिक हस्तक्षेपको अन्त्य हुनु पर्ने, १० जना अर्थात ५०% ले पुरस्कार र दण्डको व्यवस्था हुनुपर्ने, ३ जना अर्थात १५% ले योजना वद्ध सुपरिवेक्षण हुनु पर्ने र एक जना अर्थात ५ %ले विद्यालय सुपरिवक्षणमा स्थानिय समुदायको भुमिका बढाउनु पर्ने भनि विद्यालय सुपरिवेक्षणमा देखिएका समस्याहरुको समाधान गर्ने उपायहरु हुन भनि धारणा राख्नु भएको छ । यि सबै उपायहरु विद्यालय सुपरिवेक्षणमा देखिएका समस्याहरु समाधान गर्नमा महत्वपुर्ण मानिन्छन् । २० जाना मध्ये १० जाना अर्थात ५०% ले पुरस्कार र दण्डको व्यवस्था भएमा विद्यालयको शैक्षिक सुपरिवेक्षणमा देखिएका समस्याहरु धेरै हद सम्म समाधान हुन सक्छन भनि मत जाहेर गरेको हुँदा यो मत नै धेरैको मत भएकोले यसलाई मुख्य उपाय मान्नु पर्ने हुन्छ ।

### ४.३.१.१ पुरस्कार र दण्डको व्यवस्था

अनुसन्धानका क्रममा नमुना छनौट गरिएका विद्यालयका प्रधानाध्यापक , शिक्षक, विद्यालय व्यवस्थापन समिति, विद्यालय निरिक्षक, श्रोतव्यक्तिसँग भएको छलफल तथा प्रश्नावलीबाट प्राप्त भएका तथ्याङ्कहरूलाई केलाएर हेर्दा विद्यालय सुपरिवेक्षणका समस्याहरू समाधान गर्न विद्यालय सुपरिवेक्षण गर्ने दायित्व बोकेका प्रधानाध्यापक वि.व्य.स. पदाधिकारीहरू, विद्यालय

निरिक्षक तथा श्रोतव्यक्तिलाई उनिहरूको कार्यसम्पादन मुल्याङ्न गरेर पुरस्कार र दण्डको माध्यमले उत्प्रेरित गर्न सकेको खण्डमा सुपरिवेक्षकहरूमा उत्साह बढने देखिन्छ । सुपरिवेक्षकहरूलाई दण्ड र पुरस्कारको प्रभावकारी कार्यान्वयनको माध्यमबाट उत्साहित गर्दा शैक्षणिक सुपरिवेक्षण प्रभावकारी बन्न गइ कक्षा कोठाको शिक्षण सिकाइमा सुधार हुने देखिन्छ । सुपरिवेक्षकहरूको कार्यसम्पादनलाई कानुनका आधारमा निश्चित मापदण्ड बनाएर जिल्ला शिक्षा कार्यालयले राम्रो काम गर्नेलाई पुरस्कार र गलत वा अपूर्ण काम गर्नेलाई दण्ड दिने कार्यलाई निश्पक्षता पुर्वक कार्यान्वयनमा ल्याएर निरन्तरता दिएको खण्डमा विद्यालय सुपरिवेक्षण प्रकृयामा देखिएको औपचारिकताको संस्कृतिको समस्या अन्त्य भएर जान्छ ।

## ४.३.१.२ कडा नितिनियम बनाइ लागु गर्ने

नमुना छनौटमा परेका व्यक्तिहरूले दिएको तथ्याङ्कलाई केलाएर हेर्दा विद्यालय सुपरिवेक्षणको जल्दोबल्दो समस्याका रुपमा फितलो कानुन र कार्यान्वयनलाई औंल्याएका छन् । फितलो कानुन, कार्यान्वयनमा देखिएको फितलो पनाले दण्डहिनता बढेका कारण जिम्मेवारी बोधमा कमी आएको र सो को प्रभाव विद्यालय सुपरिवेक्षणमा समेत परेको देखिन्छ । नेपाल सरकार शिक्षा मन्त्रायले शिक्षा ऐन तथा नियमावलीलाई समय सापेक्ष परिवर्तन गरेर सोको कडाइका साथ कार्यान्वयन गर्ने मातहतका निकायहरूलाई निर्देशन दिन र सोको अनुगमन गर्न अनिर्वाय हुन्छ । राजनीतिक अस्थिरता र निहित स्वार्थ मुखी राजनीतिले कानुन निर्माण र कार्यान्वयनमा परेको प्रभावलाई राजनीतिक दल र सो का नेताहरूले मनन गर्नु पर्ने देखिन्छ । कानुनको निर्माण गर्ने, निर्देशिकाहरू जारी गर्ने, आचारसहिताहरू निर्माण गर्ने तर सोको, कार्यान्वयन भए नभएको नहेर्ने र कानुनको पालना नहुँदा दण्ड दिन नसकिने परिपाटीलाई विद्यालय प्रशासन देखि शिक्षा मन्त्रालय समेतले चिर्न अनिर्वाय बनेको छ ।

## ४.३.१.३ राजनीतिक हस्तक्षेपको अन्त्य

नेपालका सबै निकाय, तथा प्रशासनिक निकायहरू तथा तिनले गर्ने कार्य सम्पादनमा प्रत्यक्ष तथा परोक्षरुपमा हुने राजनीतिक हस्तक्षेपको समस्या विद्यालय सुपरिवेक्षणमा पनि रहेको तथ्याङ्कहरूमा प्रष्ट रुपमा  देख्न सकिन्छ । कानुनको निर्माण देखि कानुन कार्यान्वयन सम्म राजनीतिक हस्तक्षेपले जरो गाडेको देखिन्छ । विद्यालय व्यवस्थापन समितिको गठन, प्र.अ.को नियुक्ति, श्रोतव्यक्तिको छनौट र वि. नि.को नियुक्ति समेतमा प्रत्यक्ष वा परोक्ष रुपमा

राजनीतिक स्वार्थ लुकिको पाइन्छ । यसले उसले गर्ने कार्यसम्पादनमा समेत असर पुग्ने गरेको देखिन्छ ।

राजनीतिक दल, तिनको विधान, घोषण पत्र र कार्यक्रमहरूमा विद्यालयलाई राजनीतिक हस्तक्षेपबाट मुक्त तुल्याउने छ भनिएता पनि कार्यान्वयनमा आएको पाइदैन । अर्को तिर शिक्षा निमयमावलीले पनि विद्यालय व्यवस्थापन समिति गठन प्रकृयामा राजनीतिक हस्तक्षेपलाई मलजल पुग्नै गरी गठन प्रकृया तय गरेर विद्यालयमा राजनीतिक हस्तक्षेपलाई आकर्षित गरेको दखिन्छ । दलिय राजनीतिक व्यवस्थापनमा राज्यव्यवस्था भित्र रहेका विभिन्न निकायहरू राजनीतिक प्रकृयाबाट विमुख हुन त सक्दैनन् तर निहित स्वार्थको राजनीति र सोको हस्तक्षेप हाम्रा लागि समस्याको विषय बनेको हो । विद्यालयलाई राजनीतिक हस्तक्षेपबाट मुक्त बनाउन राजनीतिक दलहरूले प्रतिबद्धता जाहेर गरी सोको पूर्ण पालना गर्नु पर्छ । विद्यालय भित्र कुनै किसिमका राजनैतिक गतिविधि गर्न हुदैन । नियुक्ति प्रकृयामा दलिय भागबण्डा वा स्वार्थलाई नहेरी व्यवस्थापनले साझा केन्द्रको रुपमा रहेर काम गर्नु पर्छ । दलिय आभासलाई दण्डनिय बनाउनु पर्छ । विद्यालय सुपरिवेक्षण दलगत स्वार्थबाट प्रेरित भएमा दण्डनिय बनाउनु पर्छ । आस्था, राजनीतिक पुर्वाग्रह जस्ता कुरालाई टाढा राखेर कक्षा कोठा को शिक्षण सिकाइमा सुधार ल्याउने खालको शैक्षणिक सुपरिवेक्षण हुनु पर्छ ।

### ४.३.१.४ योजनाबद्ध सुपरिवेक्षण

भविष्यमा गरिने क्रियाकलापको सम्बन्धमा अगाडी नै खाका तयार गर्ने कार्यलाई योजना भनिन्छ । योजनाले साधन र श्रोतको अधिकतम उपयोग गरी उचित समयमा पुर्व निर्धारित उद्देश्य र लक्ष्य पुरागर्ने उद्देश्य राखेको हुन्छ । विद्यालय सुपरिवेक्षणमा देखिने अनेकौ समस्याहरू मध्ये योजना विहिन सुपरिवेक्षण पनि एक समस्या हो । विद्यालय सुपरिवेक्षण गर्ने कानुनत दायित्व बोकेका सुपरिवेक्षकहरूले योजना बद्धरुपमा विद्यालय सुपरिवेक्षण गर्ने गरेको देखिदैन र अभिलेख पनि पाइदैन । विद्यालयमा शैक्षणिक सुपरिवेक्षण गर्नका लागि विद्यालय र विद्यालयका कक्षा कोठाहरूमा प्रवेश गर्ने सुपरिवेक्षकसँग योजनाको खाका साथमा हुन अनिवार्य छ । विद्यालयमा राखिएका निरिक्षणका अभिलेख पुस्तिकाहरूमा सुपरिवेक्षकहरू द्धारा योजना बद्ध रुपमा कक्षा कोठामा गएर शैक्षणिक सुपरिवेक्षण गरेको अभिलेखिकरण पाइदैन । सुपरिवेक्षकले योजना सहित विद्यलायको सुपरिवेक्षण गरेको खण्डमा सहि समयमा एउटा शिक्षकले सही सुझाव र सहयोग प्राप्त गर्ने र सोको प्रयोग सही ठाउँ र समयमा गर्न सक्ने हुँदा यसबाट

अपेक्षित लक्ष्य र उद्देश्य प्राप्त हुने देखिन्छ। एउटा शिक्षकले आफ्नो कक्षा कोठामा पस्नु भन्दा अगाडी योजना बनाएर प्रवेश गरेको छ छैन सोको सुपरिवेक्षण गर्ने सुपरिवेक्षकले पनि योजना बनाएर प्रवेश गरेमा मात्र अपेक्षित उपलब्धि हाँसिल हुन सक्ने कुरामा विश्वास गर्न सकिन्छ। विद्यालय सुपरिवेक्षण गर्ने जिम्मा लिएका सुपरिवेक्षकले योजना सहित सुपरिवेक्षण गरेका छन् छैन सोको सुपरिवेक्षण पनि हुन जरुरत छ। सुपरिवेक्षकले नियमित रुपमा योजना सहित शैक्षणिक सुपरिवेक्षण गरेमा एउाटा शिक्षकले सहि समयमा पृष्ठपोषण पाउने र सम्भावित त्रुतिबाट बच्न सक्ने हुन्छ। यसर्थ सुपरिवेक्षकबाट नियमित रुपमा योजना सहित विद्यालय सुपरिवेक्षण हुन आवश्यक छ।

### ४.३.१.५ श्रोत साधन र क्षमतामा अभिवृद्धि

नमुना छनौटमा परेका व्यक्तिहरूबाट प्राप्त तथ्याङ्क र विद्यालयको अभिलेखलाई अध्ययन गर्दा विद्यालय सुपरिवेक्षण गर्ने जिम्मेवारी पाएका निकाय र व्यक्ति समक्ष भएमो श्रोत साधनमा कमी र क्षमता अभाव रहनु पनि विद्यालय सुपरिवेक्षणमा देखिएको एउटा मुख्य समस्या हो। परिवर्तित समय अनुरुप प्रविधिका साधनहरूको अभाव, हरेक विषयको विषयगत ज्ञानको कमि, सुपरिवेक्षण सम्बन्धि तालिम अभावका कारण सुपरिवेक्षण गर्ने सिपमा कमि जस्ता कारणहरूले शैक्षणिक सुपरिवेक्षण प्रभावकारी बन्न नसकेको देखिन्छ। यसका लागि सम्बन्धित पक्षले ध्यान दिन आवश्यक छ।

श्रोत केन्द्रहरूमा आधुनिक प्रविधिका साधनहरू जुटाउन जिल्ला शिक्षा कार्यालय, श्रोत व्यवस्थापन समितिले ध्यान दिनुपर्छ। विद्यालयमा आधुनिक प्रविधिका साधन उपलबध गराउन विद्यालय व्यवस्थापन समिति र नेपाल सरकारका सम्बन्धित निकायहरूले ध्यान दिनुपर्छ। विद्यालय व्यवस्थापन समिति पदाधिकारीहरूलाई सुपरिवेक्षण सिप तालिम श्रोत व्यक्तिको कार्यालयले दिने व्यवस्था गर्नु पर्छ भने श्रोत व्यक्ति विद्यालय निरिक्षक र प्रधानाध्यापक लाई समेतसुपरिवेक्षण सम्बन्धि तालिम तथा पुनरताजगी तालिमको व्यवस्था शैक्षिक तालिम केन्द्र तथा जिल्ला शिक्षा कार्यालयले गर्नु पर्ने आवश्कता छ।

## ४.४ प्राप्तिको सारांश

नमूना छनौट गरिएका विद्यालयहरुबाट संकलित तथ्याङ्कलाई अध्ययनको उद्देश्यहरु अनुसारका विभिन्न शीर्षक, उपशीर्षक अन्तर्गत रहेर सुचनाहरुको प्रस्तुतिकरण, व्याख्या विश्लेषण गरी प्राप्त हुन आएको कुरालाई प्राप्तिको साराँशमा प्रस्तुत गरिएको छ ।

संकलित तथ्याङ्कहरुको प्रस्तुतिकरण, व्याख्या र विश्लेषण गरी प्राप्त हुन आउने कुराहरुनै यहाँ अध्ययनका प्राप्तिहरु हुन । उद्देश्यअनुसारका शीर्षक, उपशीर्षक अर्न्तगत रहेर प्रस्तुतिकरण व्याख्या, विश्लेषण बाट प्राप्त हुन आएका कुराहरुलाई उद्देश्यहरुको क्रममा प्रस्तुत गरिएको छ ।

विद्यालयको शैक्षणिक सुपरिवेक्षणमा मुख्य सरोकार राख्ने पक्षहरुमा प्रधानाध्यापक, वि.व्य.स. पदाधिकारी, विद्यालय निरिक्षक र स्रोत व्यक्ति रहेको पाइयो । विद्यालय निरिक्षक र स्रोत व्यक्तिले शिक्षा नियमावली तथा स्रोत विकास निर्देशिकाले तोकिए बमोजिम विद्यालय सुपरिवेक्षण भएको पाइएन । विद्यालय निरिक्षक र स्रोत व्यक्तिले न्युन मात्रामा विद्यालयको सुपरिवेक्षण गर्ने गरेको पाइयो । वि.व्य.स. पदाधिकारीहरुले सुपरिवेक्षण सम्वन्धि ज्ञान अभावका कारण कक्षाकोठा सम्म पुगेर सुपरिवेक्षण गरेको पाइएन । प्रधानाध्यापकलाई शिक्षकहरुले सुपरिवेक्षकको रुपमा स्वीकार गरेको पाइएन । सुपरिवेक्षकहरूले प्रशासनिक  निरिक्षणका रुपमा मात्र विद्यालय सुपरिवेक्षण गर्ने गरेको पाइयो ।

विद्यालय सुपरिवेक्षणमा विविध समस्याहरु रहेको पाइयो । सुपरिवेक्षकहरुले औपचारिकतामा मात्र सिमित भएर विद्यालय सुपरिवेक्षण गर्ने गरेको पाइयो । राजनीतिक हस्तक्षेप हुनु, नितिनियमको पालना नगर्नु, सुपरिवेक्षकहरुमा सबै विषयको विषयगत दक्षताको अभाव हुनु, विद्यालय संख्याको अनुपातमा विद्यालय निरिक्षक र श्रोत व्यक्तिको दरवन्दि कम हुनु, दण्डहिनताको अवस्था रहनु, पुरस्कार र दण्डको व्यवस्था कमजोर रहनु जस्ता समस्याहरु विद्यालय सुपरिवेक्षणमा प्रक्रियामा देखिने गरेको पाइयो ।

विद्यालय सुपरिवेक्षणमा देखिएका समस्याहरुलाई समाधान गर्न सुपरिवेक्षकहरुलाई पुरस्कार र दण्डको व्याख्या गरेर जिम्मेवारी बोध गर्न उत्प्रेरित गर्नु पर्ने, राजनितिक कर्यकर्ताहरूसंग समन्वय गरेर राजनितिक हस्तक्षेपको अन्त्य गर्नुपर्ने, निति नियमलाई कडाइका साथ लागु गर्नु पर्ने, योजनावद्ध सुपरिवेक्षण गर्न प्रोप्साहित गनुपर्ने, सामाजिक सुपरिवेक्षणको अवधारणालाई ऐन, नियममा स्पष्ट गरी कार्यान्वयमा ल्याउनु पर्ने, वि.व्य.स. पदाधिकारीहरुलाई सुपरिवेक्षण

सम्बन्धी तालिम सञ्चालन गरेर विद्यालय सुपरिवेक्षणमा उनिहरुको भुमिकामा वृद्धि गर्नु पर्ने जस्ता, उपायहरु अवलम्बन गर्नु पर्छ भन्ने मान्यता रहेको पाइयो ।

विद्यालय सुपरिवेक्षणको मुख्य जिम्मेवारी विद्यालय निरिक्षक, स्रोत व्यक्ति प्रधानाध्यपक र वि. व्य.स. पदाधिकारीहरुमा रहेको हुँदा उनीहरुले ऐन नियमले तोके बमोजिमको काम पुरा गर्न सकेको पाइएन । थोरै सयम मात्र सुपरिवेक्षणका लागि खर्चिएको पाइयो । पुरस्कार र दण्डको व्यवस्था प्रभावकारी बन्न नसक्नु, नितिनियम कार्यान्वयनमा लापरवाही देखिनु, राजनितिक हस्तक्षेपका कारण स्वतन्त्र रुपले काम गर्न नसक्नु विद्यालय सुपरिवेक्षणमा देखिएका मुख्य समस्याहरु हुन । यि समस्याहरुलाई पुरस्कार र दण्डको व्यवस्था गरेर सुपरिवेक्षकहरुमा दायित्व बोध गराइनु, राजनितिक कार्याकर्ताहरु संग समन्वय गरेर राजनितिक हस्तक्षेपको अन्त्य गरिनु, सामाजिक सुपरिवेक्षणको आधाराणाको विकास गरी विद्यालयको शैक्षिक सुपरिवेक्षणमा सुधार गरेर विद्यालयको शैक्षिक विकास गर्नु पर्छ ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझावहरु

यस परिच्छेदमा अघिल्लो परिच्छेदमा गरिएको नतिजाको विश्लेषणबाट प्राप्त जानकारीका आधारमा निष्कर्ष निकालिएको छ । अध्ययनका क्रममा प्राप्त भएका तथ्याङ्कको आधारमा नतिजाको विश्लेषणबाट प्राप्त निष्कर्ष र प्राप्तिलाई मध्यनजर गर्दै नितिगत तह, अभ्यास तह र अनुसन्धान तहका लागि विद्यालयको शैक्षिक सुपरिवेक्षणलाई थप प्रभावकारी वनाउन आवश्यक सुझाव प्रस्तुत गरिएको छ ।

## ५.१ निष्कर्ष

यो अध्ययनको क्रममा संकलित तथ्याङ्कहरुको व्याख्या विश्लेषणबाट प्राप्त भएका कुराहरुका आधारमा निष्कर्षहरु निकालिएका छन् । पूर्व स्थापित सिद्धान्तहरु, पूर्व अनुसन्धान तथा साहित्यसँग तुलना गर्दै विद्यालयको शैक्षिक सुपरिवेक्षणको स्थिति अध्ययन गरी निष्कर्षहरु निकालिएका छन् ।

शिक्षाका लक्ष्य तथा उद्देश्यहरु पुरा गर्न विद्यालय सुपरिवेक्षण प्रणालीलाई गतिशील वनाउन अनिवार्य छ । शैक्षणिक सुपरिवेक्षणको जिम्मा लिएका विद्यालय निरिक्षक, स्रोत व्यक्ति, तथा सरोकारवाला सवैबाट विद्यालयको नियमित सुपरिवेक्षण हुन जरुरी छ । विद्यालय निरिक्षक तथा स्रोत व्यक्तिबाट न्युन मात्रामा विद्यालय सुपरिवेक्षण हुँदा पनि सम्बन्धित निकायको यस सम्बन्धमा ध्यान पुग्न सकेको देखिदैन । यसमा विद्यालय निरिक्षक तथा स्रोत व्यक्तिले गर्ने कार्यको अनुगमन तथा निरिक्षण गर्ने निकायले विशेष ध्यान दिन आवश्यक छ ।

विद्यालय निरिक्षक तथा स्रोत व्यक्तिलाई पर्याप्त मात्रामा स्रोत र सन्दर्भ सामग्रीहरु प्राप्त नहुनु, उनिहरुबाट सम्पादित कार्यको सही मूल्याङ्कन गरी पुरस्कार र दण्डको व्यवस्था नहुनु, विद्यालय संख्याका आधारमा विद्यालय निरिक्षक र स्रोत व्यक्तिको संख्या कम हुनु, राजनीतिक हस्तक्षेपका कारण स्वतन्त्र रुपले काम गर्ने वातावरण नहुनु जस्ता कारणले विद्यालय सुपरिवेक्षण कार्य औपचारिकतामा मात्र सिमित हुनपुगेको देखिन्छ । समय समयमा शिक्षकहरुको वैठक राखी शिक्षण सिकाइ क्रियाकलापमा देखापर्ने समस्या समाधानका वारेमा छलफल गर्ने तथा नमुना शिक्षण गर्न लगाउने जस्ता कार्यहरु आवश्यक मात्रामा हुन नसकेको अवस्था छ । यसका लागि विद्यालय निरिक्षक तथा स्रोत व्यक्तिहरुबाट विद्यालयको सुपरिवेक्षणका क्रममा शिक्षकको कक्षा शिक्षण अवलोकन गरी सुधारका लागि आवश्यक सल्लाह सुझाव दिन आवश्यक छ ।

विद्यालयका प्रधानाध्यापकहरु शैक्षणिक कार्यमा भन्दा प्रशासनिक कार्यमा व्यस्त हुने गरेको अवस्था छ । उनिहरुलाई सुपरिवेक्षण सम्बन्धि तालिमको खाँचो देखिन्छ । विद्यालय व्यवस्थापन समिति पदाधिकारी तथा अभिभावकहरुमा सुपरिवेक्षण सम्बन्धि दक्षताको कमी देखिन्छ । यसका लागि विद्यालय व्यवस्थापन समिति गठन गर्ने कानुनि प्रावधानमा सुधारगरी आवश्यक तालिमको व्यवस्था गर्नु पर्छ । विद्यालयको शैक्षिक सुपरिवेक्षणमा स्थानिय समुदायको भूमिका नगन्य देखिन्छ । यसको सुधारका लागि सामाजिक सुपिरिवेक्षणको अवधारणा विकास हुन आवश्यक छ ।

समग्रमा भन्नु पर्दा वर्तमान अवस्थामा विद्यालय सुपरिवेक्षण केवल औपचारिकतामा मात्र सिमित छ । यसमा सुधार ल्याउन नसकेमा शिक्षाका लक्ष्य र उद्देश्यहरु पुरा गर्न कठिन हुने देखिन्छ । यसका लागि सम्पूर्ण सरोकारवाला पक्षहरुले दायित्व बोध गर्न अनिवार्य छ ।

## ५.२ सुझावहरु

यो अध्ययनको क्रममा प्राप्त भएका सूचना एवं तथ्याङ्कहरुलाई विश्लेषण गरी निकालिएको निष्कर्षका आधारमा विद्यालयको शैक्षणिक सुपरिवेक्षण प्रणालीमा भावी, दिनहरुमा कसरी सुधार ल्याउन सकिन्छ भन्ने सन्दर्भमा यहाँ सुझावहरु प्रस्तुत गरिएको छ ।

### ५.२.१ नीतिगत तह

विद्यालयको शैक्षिक सुपरिवेक्षण सम्बन्धि कतिपय कार्यहरु स्पष्ट नीति अभावका कारण प्रभावकारी वन्न नसकिरहेको तथ्यलाई मध्यनजर गर्दै विद्यालय सुपरिवेक्षण कार्यलाई सहज बनाउन नीति निर्माण तहमा रहेका नीति निर्माताका लागि सुझाव प्रस्तुत गरिएको छ । शिक्षा ऐन २०२८ को आठौं संशोधनले विद्यालयको संरचना भित्र कक्षा १-१२ लाई समेटेर कक्षा ९-१२ लाई माध्यमिक तह वनाइएको छ । माध्यमिक तहमा अध्यापन गर्ने शिक्षकको शैक्षिक योग्यता एम.एड हुनु पर्ने व्यवस्था गरेको छ । विद्यालय निरिक्षकको न्यूनतम शैक्षिक योग्यता स्नातक तह मात्र हुँदा सुपरिवेक्षण कार्य प्रभावकारी नहुने भएकोले विद्यालय निरिक्षकको पनि शैक्षिक योग्यता एम.एड. वनाइनु पर्छ । विषयगत विशेषज्ञताका आधारमा मात्र विद्यालय निरिक्षकको न्युक्ति गर्ने व्यवस्था गर्नुपर्छ । स्रोत व्यक्तिको नियुक्ति प्रक्रिया तथा काम, कर्तव्य र अधिकारलाई शिक्षा नियमावलीमा स्पष्ट गरिनु पर्छ । विद्यालय निरिक्षक र स्रोत व्यक्तिले गर्ने विद्यालय सुपरिवेक्षण सम्बन्धि कार्यको निरिक्षण र अवलोकन गर्ने अधिकार विद्यालय व्यवस्थापन

समितिलाई दिने कानुनी व्यवस्था गरिनु पर्छ। विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्य हुन माध्यमिक तहका लागि स्नातक तह र कक्षा १२ उत्तिर्ण गरेको र आधारभुत तहका लागि कक्षा १२ र कक्षा ८ उत्तीण गरेको शैक्षिक योग्यता हुनु पर्ने कानुनी व्यवस्था गर्नु पर्छ। स्थानिय तह गाउँ पालिका वा नगरपालिका प्रमुख संयोजक हुने गरि निश्चित आकारको स्थानिय संयन्त्र निर्माण गरि विद्यालय सुपरिवेक्षण सम्बन्धि गतिविधिको सुपरिवेक्षण गर्ने जिम्मेवारी दिने कानुनी व्यवस्था गर्नुपर्छ। सुपरिवेक्षकहरुको कार्यसम्पादनको सहि मूल्याङ्कन गरेर सुपरिवेक्षण कार्यलाई प्रभावकारी वनाउन कार्यन्वयन गर्न सकिने कानुनी प्रावधान ऐन तथा नियमावलीमा व्यवस्था गरिनुपर्छ।

## ५.२.२ अभ्यास तह

अभ्यास तह भनेको नीति कार्यान्वयन गर्ने महत्वपूर्ण तह हो। जस्तो सुकै नीति बने पनि अभ्यास तहबाट यसको कार्यान्वयनमा संवेदनशीलता देखाइएन भने त्यो नीति नै असफल हुने तथ्यलाई मध्यनजर गरी विद्यालयको शैक्षिक सुपरिवेक्षणलाई थप प्रभावकारी वनाउन अभ्यास तहका लागि निम्न सुझाव प्रस्तुत गरिन्छ। विद्यालय निरिक्षक र स्रोत व्यक्ति शिक्षण सिकाइ कार्यलाई सहजिकरण गर्ने शैक्षिक सुपरिवेक्षक हुन, यसैले प्र.अ., शिक्षक तथा अभिभावकले विद्यालय निरिक्षक तथा स्रोत व्यक्तिबाट भौतिक, आर्थिक तथा प्रशासनिक सहयोगको मात्र अपेक्षा नगरी शैक्षिक समस्या समेत प्रस्तुत गर्नुपर्ने हुन्छ। विद्यालय निरिक्षक तथा स्रोत व्यक्तिले नियम अनुसार विद्यालयको नियमित सुपरिवेक्षण नगरेमा प्र.अ. तथा विद्यालय व्यवस्थापन समिति पदाधिकारीहरुले वि.नि तथा स्रोत व्यक्ति लाई जिज्ञासा जाहेर गरेर घचघच्याने कार्य गर्नु पर्दछ। विद्यालय निरिक्षक तथा स्रोत व्यक्तिको विद्यालय सुपरिवेक्षण सम्बन्धि काम कार्यवाहीका वारेमा जिल्ला शिक्षा अधिकारीले अनुगमन, निरिक्षण गरी उनिहरुलाई काममा नियमित गराउनुपर्छ। विद्यालय सुपरिवेक्षकहरुले प्रशासनिक निरिक्षण मात्र नगरी उपचारात्मक सुपरिवेक्षण विधि अपनाएर कक्षा कोठाका समस्याहरुलाई समाधान गरिदिने कामलाई प्राथमिकता दिनु पर्छ। वि.नि. तथा स्रोतव्यक्तिले विद्यालयका विशेष अवसरहरुमा मात्र विद्यालय नगइ योजनावद्ध ढंगले सुपरिवेक्षण गर्ने कार्य गर्नु पर्छ। अभिभावक तथा विद्यालय व्यवस्थापन समितिले वार्षिक योजना वनाएर नियमित रुपमा विद्यालय गतिविधि, प्र.अ. तथा शिक्षकका गतिविधि, स्रोत व्यक्ति तथा वि.नि.ले गर्ने शैक्षणिक सुपरिवेक्षण सम्बन्धि गतिविधिलाई नजिकबाट अनुगमन तथा निरिक्षण गर्नुपर्छ। अभिभावक तथा वि.व्य.स.

पदाधिकारीले विद्यालय सञ्चालन गर्ने सम्बन्धमा तथा विद्यालय परिषर भित्र कुनै पनि राजनीतिक गतिविधि नगरेर विद्यालयलाई राजनीतिक हस्तक्षेपबाट भुक्त तुल्याउनु पर्छ। विद्यालयको हकमा सुपरिवेक्षण गर्ने पहिला व्यक्ति र मुख्य दायित्व प्र.अ. को भएको हुँदा प्र.अ. ले प्रत्येक शिक्षकको नियमित कक्षा अवलोकन गरि अभिलेख राख्नु पर्ने हुन्छ। कानुनले तोके वमोजिमको तहगत हैसियत तथा शैक्षिक योग्यता नपुगेका प्र.अ.हरु विद्यालयमा रहेकाले शैक्षिक सुपरिवेक्षण कक्षा कोठासम्म पुग्न नसक्ने हुँदा नियम अनुसार प्र.अ. न्युक्ति गर्न शिक्षामन्त्रालय, शिक्षा विभाग तथा जिल्ला शिक्षा कार्यलयले तत्काल पहल चाल्नु पर्दछ।

## ५.२.३ अनुसन्धान तह

यो अध्ययनका क्रममा देखिएका तर यस अध्ययनले समेटन नसकेका कुराहरुलाई अनुसन्धानकर्ताले थप अनुसन्धान गर्न सक्ने देखिन्छ। यो अनुसन्धान विद्यालयमा शैक्षिक सुपरिवेक्षणको वर्तमान अवस्था पहिचान गरी देखिएका समस्याहरुलाई समाधानका लागि सुझाव सुझाउनुमा मात्र सिमित छ। यो अध्ययनका क्रममा शैक्षणिक सुपरिवेक्षणसँग सम्बन्धित थुप्रै समसयाहरु देखिएका छन ति समस्याहरुको गहन अध्ययन गर्न आवश्यक छ। शैक्षिक सुपरिवेक्षण कार्यमा सरोकारवालाहरुको भूमिकाका बारेमा पनि प्रश्नहरु उठ्ने गर्दछन यस बारेमा पनि गहन अध्ययन हुन आवश्यक देखिन्छ। विद्यालय सुपरिवेक्षणमा सरोकार राख्ने सरोकार वालाहरुको सुपरिवेक्षण गर्ने सुपरिवेक्षकहरुको भूमिका माथि पनि प्रश्नहरु आउने गरेका छन यस सम्बन्धमा पनि अध्ययन हुन आवश्यक छ। कानुनको कार्यान्वयनमा देखिने समस्याले पुरस्कार र दण्डमा पार्ने प्रभाव, पुरस्कार र दण्डले सुपरिवेक्षकको भूमिकामा पार्ने प्रभाव जस्ता विषयमा समेत खोजिनिती गर्न आवश्यक देखिन्छ। विद्यालयको शैक्षिक सुपरिवेक्षणमा स्थानिय समुदायको भूमिकाका बारेमा पनि खोजिनिति गर्न आवश्यक छ। यस अध्ययनको क्रममा समस्याको रुपमा कोट्याउन खोजिएका तर गहन अध्ययन गर्न नसकेका विषय वस्तुलाई अध्ययन गर्न चाहने अनुसन्धान कर्ताले शैक्षणिक सुपरिवेक्षणमा प्रधानाध्यापकको भूमिका, दण्डहिनताका कारणहरु, पुरस्कार र दण्डले सुपरिवेक्षकको भूमिकामा पर्ने प्रभाव, शैक्षिक सुपरिवेक्षणमा स्थानिय समुदायको भूमिका, शिक्षण सिकाइमा शैक्षणिक सुपरिवेक्षणको भूमिका, शैक्षणिक सुपरिवेक्षणको प्रभावकारीता, विद्यालयमा राजनीतिक हस्तक्षेपको वर्तमान अवस्था शीर्षकहरु राखेर अनुसन्धान गर्न सक्ने देखिन्छ।

# सन्दर्भ सामग्री


अधिकारी, नारायणप्रसाद (२०६७), *शैक्षिक प्रशासन र सुपरिवेक्षण,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

अधिकारी, बिष्णुप्रसाद (२०६६), *शैक्षिक निरीक्षण र नेपालको शैक्षिक प्रणाली,* काठमाडौं :आशिष बुक्स हाउस ।

काफ्ले, वासुदेव, श्रेष्ठ, चन्द्रबहादुर र सिन्हा, रामश्वरुप (२०५९), *शैक्षिक प्रशासन र सुपरिवेक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ, गौतम, प्रदिपचन्द्र र लुइँटेल, रमेशप्रसाद (२०६४), *शैक्षिक प्रशासन र सुपरिवेक्षण* ,काठमाडौं : क्वेस्ट पब्लिकेशन ।

कोइराला, विद्यानाथ (२०५९), शिक्षा, भक्तपुरः पाठ्क्रम विकासकेन्द्र

खनाल, पेशल (२०६७), *शैक्षिक अनुसन्धान पद्दति* , काठमाडौं :सनलाइटपब्लिकेशन ।

जोशी, सिद्धराज (२०६६),गुणस्तरीय शिक्षाका लागि स्रोतव्यक्तिको भूमिका, अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, काठमाडौं ।

ढुङ्गाना, जीवनकुमार (२०५८), *नेपालमा आधारभुत तथा प्राथमिक शिक्षाको विकास,* काठमाडौंः रत्न पुस्तक भण्डार

निरौला, तारामणी (२०७२), *संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणको स्थिती,* अप्रकाशित शोधपत्र, सुकुना बहुमुखी क्याम्पस, शिक्षाशास्त्र सङ्काय, कोसीहरैँचा, मोरङ

पाण्डे, तारा (२०६६), *नेपालको शैक्षिक सुरिवेक्षणमा देखिएका चुनौति,* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, काठमाडौं ।

पौडेल, बाबुराम, पोखरेल, कमलप्रसाद, आचार्य, सुवासचन्द्र र कलौनी, दिपकराज (२०६२), *नेपालको शैक्षिक पद्दति,* काठमाडौं : सनलाईट पब्लिकेशन ।

भट्टराई, टोपाराम (२०६७), *विद्यालय सुपरिवेक्षक र शिक्षकबीचको अन्तरसम्बन्धले शैक्षिक उपलब्धिमा पारेको प्रभाव,* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, काठमाडौं ।

शर्मा, कुवेरनाथ (२०६६), शिक्षाको दर्शनशास्त्रीय एवम् समाजशास्त्रीय आधार, काठमाडौंः रत्नपुस्तक भण्डार ।

# सामुदायिक विद्यालयमा शैक्षणिक सुपरिवेक्षण

## अनुसूची : एक

### वि.व्य.स पदाधिकारी / अभिभावकका लागि प्रश्नावली

नाम : पद :

विद्यालय :

*एम.एड दोस्रो वर्षमा शैक्षिक योजना तथा व्यवस्थापन समुह अन्तरगत शोधअध्ययन ५९८ लाई अनिवार्य विषयको रुपमा राखिएको हुँदा उक्त शोधअध्ययन कार्य पूरा गर्न तथ्याङ्क संकलनको लागि तपाई नमुना छनौटमा पर्नुभएको हुँदा उपलब्ध गराइएको प्रश्नावाली अनुसार सुचना उपलब्ध गराई सहयोग गरीदिनुहुन अनुरोध गर्दछु ।*

१. तपाई आफ्नो विद्यालयमा कतिको जानुहुन्छ ?

क) बैठक वा कार्यक्रम हुँदा ख) प्रायः दिनहुँ

ग) कहिले काही घ) जाँदीन

ङ) अन्य भए.............................................................................

२) विद्यालयमा वि.नि र स्रोत व्यक्तिबाट नियामित सुपरिवेक्षण हुन्छ वा हुदैन ?

क) नियमित हुन्छ ख) कहिले काही मात्र हुन्छ

ग) कहिल्यै हुदैन घ) थाहा छैन

ङ) अन्य भए.............................................................................

३. विद्यालयमा सवभन्दा बढी कसबाट सुपरिवेक्षण हुने गरेको छ ?

क) प्र.अ. ख) वि. व्य.स पदाधिकारी

ग) स्रोत व्यक्ति घ) वि. नि.

ङ) अन्य भए.............................................................................

४. विद्यालयमा कसवाट भएको सुपरिवेक्षणलाई बढी प्रभावकारी ठान्नु हुन्छ ?

क) प्र.अ. ख) वि. नि.

ग) स्रोत व्यक्ति घ) वि. व्य.स पदाधिकारी

ङ) अन्य भए.............................................................................

५) कक्षा शिक्षणमा उपयुक्त शिक्षण विधि र शिक्षण सामग्रीको प्रयोग शिक्षकबाट हुन्छ ?

क) सधै प्रयोग शिक्षकबाट हुन्छ ख) कहिलेकाहि मात्र प्रयोग हुन्छ

ग) कहिल्यै प्रयोग हुदैन घ) थाहा छैन

ङ) अन्य भए.........................................................................

६) विद्यालय सुपरिवेक्षणमा तलका मध्ये कुनलाई मुख्य समस्या मान्नु हुन्छ ?

क) राजनैतिक हस्तक्षेप ख) निति नियमको पालना नगर्नु

ग) कार्य व्यवस्तता घ) प्रक्रियामुखी मात्र

ङ) अन्य भए.........................................................................

७) विद्यालय सुपरिवेक्षण प्रणालिमा देखिएका समस्यालाई समाधान गर्ने मुख्य उपाय के हो ?

क) साजनैतिक हस्तक्षेपको अन्त्य गर्ने ख) कडा निति नियम

ग) पुरस्कार र दण्डको व्यवस्था गर्ने घ) विद्यालय र समुदाय विचको सम्बन्धमा सुधार

ङ) अन्य भए.........................................................................

८) विद्यालय सुपरिवेक्षण गर्न मुख्य दायित्व निर्वाह गर्ने जिम्मेवार पक्षहरू कुन कुन हुन ?

.....................................................................................................

.....................................................................................................

९) वर्तमान अवस्थामा विद्यालयमा हुने शैक्षणिक सुपरिवेक्षण लाई सन्तोषजनक मान्न सकिन्छ, कि सकिदैन कारण दिनुहोस

.....................................................................................................

.....................................................................................................

१०) विद्यालय सुपरिवेक्षणमा के कस्ता समस्याहरू रहेका छन् ?

.....................................................................................................

.....................................................................................................

११) विद्यालय सुपरिवेक्षण प्रणालीमा देखिएका समस्याहरूको समाधान गर्ने उपायहरू के के हुन ?

.....................................................................................................

.....................................................................................................

# सामुदायिक विद्यालयमा शैक्षणिक सुपरिवेक्षण

## अनुसूची : दुई

### शिक्षकहरूको लागि प्रश्नावली

नाम : पद :

विद्यालय :

---

*एम.एड दोस्रो वर्षमा शैक्षिक योजना तथा व्यवस्थापन समुह अन्तरगत शोधअध्ययन ५९८ लाई अनिवार्य विषयको रुपमा राखिएको हुँदा उक्त शोधअध्ययन कार्य पूरा गर्न तथ्याङ्क संकलनको लागि तपाई नमुना छनौटमा पर्नुभएको हुँदा उपलब्ध गराइएको प्रश्नावाली अनुसार सुचना उपलब्ध गराई सहयोग गरीदिनुहुन अनुरोध गर्दछु ।*

१. तपाईले योजना सहितको कक्षा शिक्षण गर्नु भएको छ ?

क) गर्छु ख) गर्दिन ग) भ्याँइदैन घ) केहि मात्रामा गर्छु

ङ अन्य भए .....................................................

२. तपइले कक्षा शिक्षण गरि रहेको अवस्थामा निरिक्षकले निरिक्षण गर्दा कस्तो अनुभव हुन्छ ?

क) रमाइलो ख) असहज ग) मतलव हुदैन घ) धक लाग्छ

ङ अन्य भए .....................................................

३. विद्यालयमा वि.नि. र स्रोत व्यक्तिबाट नियमित रुपमा सुपरिवेक्षण हुने गरेको छ ?

क) कहिलै हुदैन ख) नियामित हुन्छ ग) नियमित हुदैन

घ) कहिले काहि मात्र हुन्छ ङ) अन्य भए

.......................................................

४. विद्यालयमा कसकसबाट सवभन्दा वढी सुपरिवेक्षण हुन्छ ?

क) प्र.अ. र वि.नि. ख) वि.नि. र स्रोत व्यक्ति

ग) वि.नि. र वि.व्या.स. पदाधिकारी घ) प्र.अ. र वि.व्य.स पदाधिकारी

ङ) अन्य भए .....................................................

५. वि.नि., स्रोत व्यक्ति, वि.व्य.स. पदाधिकारी तथा प्र. अ. ले तपाइलाई शैक्षिक गुणस्तर वृद्धि गर्ने विषयमा राय सुझावहरू दिने गर्नु भएको छ ?

क) नियमित दिनु हुन्छ ख) कहिले काहि मात्र दिनु हुन्छ ग) दिनु हुन्न

घ) सुझावको आवश्यकता पर्दैन ङ) अन्य भए ..........................

६.सुपरिवेक्षकहरूमा कुन कुरा अभाव देख्नु हुन्छ ?

क) कुनै अभाव देख्दिन ख) हरेक विषयको विषयगत ज्ञान ग) प्रजातान्त्रिक व्यावहार घ) सामुहिक चिन्तन ङ) अन्य भए

......................................................

७. तपाइले निरिक्षकहरूलाई कुन रुपमा पाउनु भएको छ ?

क) सहज कर्ताको रुपमा ख) राजनितिक नेताको रुपमा

ग) सहकर्मीको रुपमा घ) औपचारीकता मात्र पुरा गर्ने व्यक्तिको रुपमा

ङ) अन्य भए ......................................................

८) वर्तमान शैक्षिक उपलब्धी न्यून हुनुमा के लाई जिम्मेवार ठानुहुन्छ ?

क) सुपरिवेक्षण प्रभाकारी नहुनु ख) सरोकारवालाको लापरवाहि

ग) शिक्षक विद्यार्थी उदासिनता घ) शैक्षिक प्रशासनको कमजोरी ङ) अन्य भए

..............

९) विद्यालय सुपरिवेक्षणमा तलका मध्ये कुन कुरालाई मुख्य समस्या मान्नु हुन्छ ?

क) राजनितीक हस्तक्षेप ख) नितीनियमको पालना नगर्नु ग) कार्यव्यावस्था घ) प्रत्यमुखी मात्र ङ) अन्य भए

......................................................

१०) सुपरिवेक्षण प्रणालिमा भएका समस्याहरू समाधान गर्ने मुख्य उपायके हो ?

क) राजनितिक हस्तक्षपको अन्त्य ख) कडा नितिनियम बनाइ कार्य न्वयमन गर्ने

ग) पुरस्कार र दण्डको व्यवस्था घ) सुपरिवेक्षण कार्यमा प्र.अ.को भुमिकालाई सक्रिया बनाउने ङ) अन्य भए ..............................................

११) बर्तमान अवस्थामा हुनेगरेको विद्यालय सुपरिवेक्षण प्रति तपाई सन्तुष्ट हुनुहुन्छ कि हुनु हुन्न ? सन्तुष्ट हुने वा नहुने कारण दिनुहोस ।

.........................................................................................................................

....

१२) विद्यालय सुपरिवेक्षण प्रणालिमा के कस्ता समस्याहरू रहेका छन् ?

..........................................................................................................................

.....

१३) विद्यालय सुपरिवेक्षणमा आइपर्ने समस्याहरूलाई समाधान गर्ने उपायहरू के के हुन

..........................................................................................................................

.....

# सामुदायिक विद्यालयमा शैक्षणिक सुपरिवेक्षण

## अनुसूची : तीन

वि.नि./स्रोत व्यक्तिको लागि प्रश्नावली

नाम : पद :

विद्यालय :

---

*एम.एड दोस्रो वर्षमा शैक्षिक योजना तथा व्यवस्थापन समुह अन्तरगत शोधअध्ययन ५९८ लाई अनिवार्य विषयको रुपमा राखिएको हुँदा उक्त शोधअध्ययन कार्य पूरा गर्न तथ्याङ्क संकलनको लागि तपाई नमुना छनौटमा पर्नुभएको हुँदा उपलब्ध गराइएको प्रश्नावाली अनुसार सुचना उपलब्ध गराई सहयोग गरीदिनुहुन अनुरोध गर्दछु ।*

१) तपाईले नियमित रूपमा विद्यालयको सुपरिवेक्षण गर्ने गर्नु भएको छ ?

क) नियमित गर्छु ख) समय समयमा गर्छु

ग) कहिलै गर्दिन घ) सबै तिर भ्याँइदैन

ङ) अन्य भए ......................................................

२) विद्यालयमा शैक्षिक सुपरिवेक्षण बर्षमा कति पटक गर्नु हुन्छ ?

क) दुइ पटक ख) तीन पटक

ग) चार पटक घ) प्रत्येक महिना

ङ) अन्य भए ......................................................

३) विद्यालय सुपरिवेक्षणको क्रममा नमुना कक्षा शिक्षण गर्ने गराउने गर्नु भएको छ ?

क) गराउने गरेको छु ख) गराउने गरेको छुइन

ग) कहिले कहिले गराउने गरेको छु घ) शिक्षकहरू मान्दैनन्

ङ) अन्य भए ......................................................

४) विद्यालय सुपरिवेक्षणको अवस्था कस्तो छ ?

क) प्रभावकारी छ ख) प्रभावकारी हुन सकेको छैन ग) काहालि लाग्दो छ

घ) सुधार गर्नु पर्छ ङ) अन्य भए ......................................................

५) विद्यालय सुपरिवेक्षण गर्न जादा वि.व्य.स पदाधिकारी र अभिभावक संग अन्तरक्रिया हुन्छ ?

क) हुन्छ ख) हुदैन ग) कहिले काहिमात्र हुन्छ घ) भेटघाट नै हुदैन

ङ) अन्य भए ......................................................

६) विद्यालय सुपरिवेक्षणको क्रममा विद्यालयमा पुग्दा प्र.अ. तथा शिक्षकहरूलाई शैक्षिक गुणस्तर वृद्धि गर्ने कुरामा राय सुझाव दिने गर्नु भएको छ ?

क) दिने गरेको छु ख) दिने गरेको छैन

ग) कहिले काहि दिने गरेको छ घ) दिएको राय सुझाव कार्यन्वयन नै हुदैन के दिनु

ङ) अन्य भए ....................................................

७) वर्तमान अवस्थामा शैक्षिक उपलब्धी न्यून हुनुमा के लाई मुख्य जिम्मेवार ठान्नु हुन्छ ?

क) शैक्षिक सुपरिवेक्षण प्रभावकारी नहुनु ख) सरोकारवालाहरूको लापरवाहि

ग) शिक्षक विद्यार्थीमा उदाशीनता घ) शैक्षिक प्रशासनको लापरवाहि

ङ) अन्य भए ....................................................

८) सुपरिवेक्षकको रुपमा विद्यालयमा सुपरिवेक्षण गर्दा आफुमा के कुराको अभाव देख्नु हुन्छ ?

क) कुनै अभाव देख्दिन ख) हरेक विषयको विषयगत ज्ञान

ग) प्रजातान्त्रिक व्यवहार घ) समुहिक चिन्तन

ङ) अन्य भए ....................................................

९) विद्यालय सुपरिवेक्षणमा तलका मध्ये कुन कुरालाई मुख्य समस्या मान्नु हुन्छ ?

क) राजनैतिक हस्तक्षेप ख) नितिनियमको पालना नगर्ने

ग) कार्य व्यवस्था घ) प्रकृयामुखी चिन्तन

ङ) अन्य भए ....................................................

१०) विद्यालय सुपरिवेक्षण प्रणालिमा देखिएका समस्याहरूलाई समाधान गर्ने मुख्य उपाय के हो ?

क) राजनैतिक हस्तक्षेपको अन्त्य ख) कडा नितिनियम बनाई कडाईका साथ कार्यान्वयन

ग) पुरस्कार तथा दण्डको व्यवस्था घ) योजनाबद्ध सुपरिवेक्षण गर्ने

ङ) अन्य भए ..................................................

११) विद्यालय सुपरिवेक्षण प्रणालिमा के कस्ता समस्याहरू रहेका छन् ?

.................................................................................................................................

१२) विद्यालय सुपरिवेक्षणमा देखिएका समस्याहरूलाई समाधान गर्ने उपायहरू के के हुन ?

........................................................................................................................

..........................................................................................................................

.....

# सामुदायिक विद्यालयमा शैक्षणिक सुपरिवेक्षण

## अनुसूची : चार

प्र.अ. का लागि प्रश्नावाली

नाम : पद :

विद्यालय :

---

*एम.एड दोस्रो वर्षमा शैक्षिक योजना तथा व्यवस्थापन समुह अन्तरगत शोधअध्ययन ५९८ लाई अनिवार्य विषयको रुपमा राखिएको हुँदा उक्त शोधअध्ययन कार्य पूरा गर्न तथ्याङ्क संकलनको लागि तपाई नमुना छनौटमा पर्नुभएको हुँदा उपलब्ध गराइएको प्रश्नावाली अनुसार सुचना उपलब्ध गराई सहयोग गरीदिनुहुन अनुरोध गर्दछु ।*

१.तपाइ आफ्नो विद्यालयमा नियमित रूपमा सुपरिवेक्षण गर्नु हून्छ कि हुन्न् ?

क) नियमित गर्छु ख) कहिले कहिले गर्छु ग) कहिल्यै गर्दिन

घ) प्र.अ.ले भ्याँइदैन ङ) अन्य भए ......................................................

२) तपाईको विद्यालयमा वि.नि. ⁄स्रोत व्यक्तिबाट नियमित रुपमा शैक्षणिक सुपरिवेक्षण हुने गरेको

छ ?

क) नियमित हुन्छ ख) कहिले काहि हुन्छ ग) कहिल्यै हुदैन

घ) भ्याँइदैन भन्नु हुन्छ ङ) अन्य भए

......................................................

३) तपाइले शिक्षकको कक्षा शिक्षण अवलोकन गर्ने गर्नु भएको छ ?

क) गरिदैन ख) भ्याइदैन ग) आवश्यकता अनुसार गरिन्छ

घ) गर्न आवश्यक छैन ङ) अन्य भए ......................................................

४) तपाईको विद्यालयमा को बाट वढि सुपरिवेक्षण हुने गरेरको छ ?

क) वि.व्य. स पदाधिकारी ख) स्रोत व्यक्ति ग) वि.नि.

घ) वि.व्य.स पदाधिकारी र स्रोत व्यक्ति ङ) अन्य भए

.............................................

५) विद्यालय सुपरिवेक्षण गर्ने मुख्य जिम्मेवारी कस्को हो ?

क) वि.नि. ख) स्रोत व्यक्ति ग) वि.व्य.स. पदाधिकारी

घ) प्र.अ. ङ) अन्य भए ..................................................

६) विद्यालय सञ्चालनमा सवै भन्दा बढि कस्को सहयोग पाउनु भएको छ ?

क) वि.व्य.स. पदाधिकारी ख) वि.नि. ग) स्रोत व्यक्ति घ) शिक्षक

ङ) अन्य भए ..................................................

७) विद्यालय सञ्चालनमा वि.नि र स्रोत व्यक्तिबाट कतिको सहयोग पाउनु भएको छ ?

क) पुरै सहयोग छ ख) सहयोग अलि अलि हुन्छ ग) उहाहरू विद्यालयमा नै आउनु हुन्न

घ) सहयोग छैन ङ) अन्य भए ..................................................

८) शिक्षकलाई कक्षा शिक्षणमा उपयुक्त शिक्षण विधि र शिक्षण सामग्रीको प्रयोग गर्न लगाउने गर्नु भएको छ ?

क) छ ख) छैन ग) कामचलाउ सम्म छ

घ) प्रयोगको वातावरणनै छैन ङ) अन्य भए

..................................................

९) विद्यालय सुपरिवेक्षणमा तलका मध्ये कुनलाई मुख्य समस्या मान्नु हुन्छ

क) राजनैतिक हस्तक्षेप ख) नितिनियमको पालना नगर्नु

ग) कार्य व्यस्तता घ) प्रकृयामुखी प्रशासन

ङ) अन्य भए ..................................................

१०) सुपरिवेक्षण प्रणालिमा देखिएका समस्याहरूलाई समाधान गर्ने मुख्य उपाय के हो ?

क) राजनैतिक हस्तक्षेपको अन्त्य ख) कडा निनितियम बनाई लागु गर्ने

ग) पुरस्कार र दण्डको व्यवस्था घ) विद्यालय समुदाय विचको सम्बन्धको विकास गर्ने

ङ) अन्य भए ..................................................

११) विद्यालयमा शिक्षकहरूको उपस्थिति अवस्था कस्तो छ ?

क) सवै नियमित उपस्थित हुन्छन् ख) नियमित उपस्थित हुदैनन्

ग) केहिले लापरवाहि गर्दछन् घ) थाहा छैन

ङ) अन्य भए ..................................................

१२) वर्तमान अवस्थामा शैक्षिक उपलब्धी न्यून हुनु के लाई जिम्मेवार ठान्नु हुन्छ ?

क) शैक्षिक सुपरिवेक्षण प्रभावकारी नहुनु ख) सरोकार वालाहरूको लापारवाही

ग) शिक्षक विद्यार्थीमा उदाशीनता घ) शैक्षिक प्रशासनको कमजोरी

ङ) अन्य भए ......................................................

१३) विद्यालय सुपरिवेक्षकको रुपमा सुपरिवेक्षण गर्दा आफुलाई के कुराको अभाव देख्नुहुन्छ ?

क) कुनै अभाव देख्दिन ख) हरेक विषयको विषयगत ज्ञान

ग) प्रजातान्त्रिक व्यावहार घ) सामुहिक चिन्तन

ङ) अन्य भए ......................................................

१४) वर्तमान अवस्थामा हुने गरेको विद्यालय सुपरिवेक्षण प्रति तपाई सन्तुष्ट हुनु हुन्छ कि हुनु हुन्न सन्तुष्ट हुने वा नहुने कारण दिनुहोस् ?

..........................................................................................................................

...................................................................................................................................

.....

१५) विद्यालय सुपरिवेक्षणमा के कस्ता समस्याहरू रहेका छन् ?

..........................................................................................................................

...................................................................................................................................

.....

१६) सुपरिवेक्षण प्रणालिलाई प्रभावकारी बनाउन के गर्नु पर्छ?

..........................................................................................................................

...................................................................................................................................

.....